लिखु गाउपालिका
नुवाकोटको



# स्थानीय रोजगार रणनीतिक योजना २०८०
## (आ. व. २०८०/०८१-२०८४/०८५ सम्म)
## (अध्यावधिक संशोधन-२०८१ सहित)




श्री लिखु गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डुंडे, नुवाकोट

कार्यपालिकाबाट स्वीकृत मिति:

गाउँसभाबाट स्वीकृत मिति :

२०८०/०३/२८

# लिखु गाँउपालिका

# नुवाकोटको

## स्थानीय रोजगार रणनीतिक योजना-२०८०

**(आ. व. २०८०/०८१-२०८४/०८५ सम्म)**

**(अध्यावधिक संशोधन-२०८१ सहित)**

**श्री लिखु गाँउपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

**डुँडे, नुवाकोट**

कार्यपालिकाबाट स्वीकृत मितिः

गाउँसभाबाट स्वीकृत मिति : २०८०/०३/२८

# मानचित्रमा लिखु गाउँपालिका



**प्रकाशकः**
लिखु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
डुँडे, नुवाकोट

**प्रमुख संरक्षकः**
श्री ध्रुब श्रेष्ठ ( अध्यक्ष, लिखु गाउँपालिका, नुवाकोट )

**संरक्षकः**
श्री शुभद्रा अधिकारी (उप्रेती) ( उपाध्यक्ष, लिखु गाउँपालिका, नुवाकोट )

**सम्पादन सल्लाहकारहरुः**
श्री नारायण बहादुर बिष्ट (प्रमुख प्रशासकीय अधिकृत)
श्री रामचन्द्र लामिछाने (प्रशासन, योजना तथा अनुगमन अधिकृत)
श्री शेर सिंह रावत (शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)
श्री उपेन्द्र प्याकुरेल (सूचना अधिकारी)

**सम्पादन समूहः**
श्री भिम बहादुर रोक्का (स्वास्थ्य शाखा, प्रमुख)
श्री लिला गैरे (कृषि शाखा, प्रमुख)
श्री .......... (पशु स्वास्थ्य शाखा, प्रमुख)
श्री दिनेश सुवाल (प्राविधिक)
श्री स्वस्तिका राई (रोजगार सहायक)

कार्यकारी सम्पादक : श्री खिमा कुमारी सुवेदी (रोजगार संयोजक)

**कार्यालयः**
लिखु गाउँपालिका कार्यालय
गाउँकार्यपालिकाको कार्यालय
डुँडे, नुवाकोट
वागमती प्रदेश, नेपाल

Email: likhu.nuwakot@gmail.com/info@likhumunnuwakot.gov.np
URL : https://likhumunnuwakot.gov.np
फो.नं. ९८५१२२१३५३ (प्रमुख), ९८४३४७९२४० (उपप्रमुख),९७४१०३२५९५ (प्रबक्ता)

९८५१२५३०९९ (प्र.प्र.अ.), ९८५११०८५४४ (प्रशासन),९७६५९८८५७८ (शिक्षा शाखा) .......................( आर्थिक.प्रशासन शाखा),९८५१११०४६३ (सूचना अधिकारी) ९८४१९६३८६७ (रोजगार संयोजक), ९८४७४५०८८० (कृषि शाखा) ....................(पशु स्वास्थ शाखा),

## प्राक्कथन..............................



युगान्तकारी राजनितिक परिवर्तन पश्चात नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नुपर्ने संबैधानिक लक्ष्य स्थापित भएको छ । नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुले आर्थिक समृद्धि सहितको सामाजिक न्याय र समानता सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तद्वारा राष्ट्रिय अर्थतन्त्रलाई सबल, आत्मनिर्भर, स्वतन्त्र, फराकिलो तथा उन्नतिशिल बनाउदैं समाजवाद उन्मुख समृद्ध दिगो अर्थतन्त्र निर्माण गर्ने आर्थिक उद्धेष्य अवलम्बन गरेको छ। त्यस्तै नेपालको संविधानको धारा ३३ र ३४ मा रोजगारीको हक र श्रमको हकलाई सुव्यवस्थित रुपमा उल्लेख गरिएको छ। साथै राष्ट्रिय योजना आयोगको १६ औं योजनाको अवधारणाले पनि सुशासन, सामाजिक न्याय र समृद्धिको सोंच र मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने उद्धेष्य राखेको छ । यसै अवधारणा अनुसार बि.सं. २०८२ सम्ममा नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील राज्यको रुपमा स्तरोन्नति गर्ने र बि.सं. २०७९/०८० सम्ममा १५.३ प्रतिशत गरिबीको रेखामुनी रहेका नागरिकहरुको आर्थिक अवस्थामा सुधारका साथ बि.सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरुलाई पूरा गर्दै मध्यम आय भएका मुलुकहरुको समकक्षमा पुऱ्याउने लक्ष्य राखेको छ। यस परिकल्पनालाई साकार पार्नका लागि देशमा न्यून आर्थिक बृद्धि, न्युन उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत, उत्पादनमा कमजोर प्रतिस्पर्धी क्षमता, खुल्ला बजार नीति, कृषि प्रति बितृष्णा पैदा हुनु, उत्पादनका साधनको पहुँचमा कमी तथा युवा उद्यमशिलताका क्षेत्रमा लगानीको सुनिश्चितता नहुँदा आधारभूत मात्र होइन, देशमा उत्पादन क्षमता भएका खाद्यान्नमा समेत परनिर्भरता, आन्तरिक उत्पादनका वस्तु भन्दा आयातित बस्तुप्रतिको आकर्षण, आन्तरिक उत्पादनका उद्योगहरुको अभाव, युवाहरुको बढ्दो बैदेशिक मोह, सूचना विनिमयको संरचनाको अभाव, औपचारिक रोजगारीको अभाव, सरकारका तहगत अन्तर्सम्बन्धको अभाव, रोजगारी सृजनाका लागि स्थानीय श्रोतमा आधारित बजेट, योजना तथा ठोस नीतिहरुको अभाव, व्यवसायिक शिक्षाको अभाव रहनु, सरकारी, नीजि र सहकारीको साझेदारी र समन्वयको अभाव, रोजगारी सृजनामा न्यून पूँजीगत लगानी लगायत यावत किसिमको समस्या र चुनौतीहरुसंग लड्नु पर्ने देखिन्छ ।

तसर्थ राष्ट्रिय रुपमा मिल्दो जुल्दो स्थानीय चुनौती तथा समस्याहरुलाई सामाधान गर्दै स्थानीय तहमा रोजगारीका अवसरहरुको पहिचान गर्न, विकास निर्माणका कृयाकलापहरुलाई रोजगारीसंग आबद्ध गराई श्रोत र साधनको एकिकृत र योजनाबद्ध परिचालन गर्न, विदेशबाट फर्केका युवाहरुको  पूँजी, सीप, प्रविधी र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउँन प्रोत्साहन गर्न, स्थानीयहरुको शीप, दक्षता, प्रतिस्पर्धी क्षमताको विकास गरी उनीहरुलाई स्थानीय उत्पादनमुलक कार्यमा परिचालित गराई दिगो आयका साथ राष्ट्रिय आयमा समेत टेवा पुऱ्याउन, नेपालको संविधान को धारा ३३ र ३४ को मौलिक हकको रक्षार्थ, श्रम र रोजगार क्षेत्रसंग सम्बन्धित नेपाल सरकारका विभिन्न नीति, कार्यनीति, रणनीति, कार्ययोजना लाई पक्षपोषण गर्न यस गाऊँपालिकाले स्थानीय रणनीतिक योजनाको तर्जुमा गरी लागु गरेको छ । यसका अतिरिक्त यस रणनीतिक योजनाले प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने अनौपचारिक रोजगारलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने लक्ष्यलाई पूरा गर्ने प्रयास स्वरुप यस रणनीतिक योजना महत्वपूर्ण कोशे ढुंगा साबित हुने अपेक्षा लिइएको छ ।

यसले बैदेशिक रोजगारीबाट नेपाल फर्किएका युवाहरुलाई स्वदेशमा नै टिकाइ राख्ने, गुणस्तरीय उत्पादनमा संलग्न गराई स्वरोजगार र रोजगारदाताको रुपमा विकास र प्रबर्द्धन गराई गाउँपालिका आफै स्वावलम्बी, आत्मनिर्भर रही समृद्धिको बाटोमा लाग्न स्थानीय तहमा उचित कानुन, नीति, रणनीति र कार्ययोजनाको जरुरी देखिएको छ ।

यस रणनीतिक योजना तर्जुमाको कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्नुहुने कार्यपालिकाका पादधिकारीहरु, राजतिकि दल, स्थानीय विभिन्न संघसंस्था कर्मचारी वर्ग, परामर्शदाता, नागरिक समाज लगायत सम्बद्ध सबैमा हार्दिक धन्यावाद व्यक्त गर्दै यसको सफल कार्यान्वयनका लागि अझ सक्रिय र रचनात्मक सुझाव र सहयोगको अपेक्षा लिएका छौं । धन्यवाद् ।

ध्रुब श्रेष्ठ
(अध्यक्ष) एवं
स्थानीय निर्देशक समिति, संयोजक
लिखु गाऊँपालिका, नुवाकोट

**मेरो भन्नु.........................................................**



नेपालबाट बर्षेनी करिब ५ लाख युवाहरु रोजगारीको खोजीमा श्रमबजारमा प्रवेश गर्ने गरेका छन् । तीनीहरुलाई आन्तरिक श्रम बजारमा उचित रुपमा व्यवस्थापन गर्न नसकिदा दैनिक करिब १५०० श्रमशक्ति बैदेशिक रोजगारीको खोजीमा बिदेश पलायन हुने गरेको तितो यथार्थ हाम्रो सामु छ । समाज र घरपरिवार त्यागेर बिदेशी भूमीमा रगत- पसिना बगाउनका लागि उनीहरु सहर्ष स्विकार गर्नुको कारणहरु खोतल्ने हो भने यसका धेरै कारकहरु केलाउन सकिन्छ । आफ्नै स्वदेशी भूमीमा रोजगारीको अवसरहरु नहुनु, स्थानीय क्षेत्रमा उद्योग, कलकारखानाको अभाव, निर्वाहमुखी र परम्परागत कृषि प्रणाली, गरिबीका कारण लगानीयोग्य पूँजीको अभाव, कृषि प्रणालीमा लागतको तुलनामा न्यून प्रतिफलयुक्त कृषि उपज, कृषिभूमीको बढ्दो बाँझिनेक्रम, कृषि पेशा प्रतिको बढ्दो बिकर्षण, उद्योग व्यवसाय प्रति सरकारको ध्यान जान नसक्नु आदि कारकहरुले महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यसका साथै योजनाबद्ध विकास प्रयासहरुको अभाव, आवश्यक र दक्ष सीप र प्रविधीको अभाव, बजारको माग अनुसार श्रमिकलाई सक्षम गराउने तालिमको अभाव, उचित कानुनी र सामाजिक वातावरण नहुनु आदि यावत समस्या र चुनौतीहरु हाम्रो सामु ब्याप्त रहेका देखिन्छन् । यी चुनौती र समस्याहरुलाई सामना गर्दै नेपालको १६ औं योजनाको सुशासन, सामाजिक न्याय र समृद्धिको परिकल्पनालाई मुर्तरुप दिन संघीय सरकारको एकल प्रयासले मात्र सम्भव छैन । यसका लागि यसका प्रादेशिक सरकार र स्थानीय सरकारको उत्तिकै महत्वपूर्ण योगदान रहने कुरामा दुइमत रहदैन । तसर्थ ती स्वदेशी श्रमशक्तिलाई स्वदेशमा नै राख्नुका अतिरिक्त बैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुलाई स्वदेशमा नै टिकाई उनीहरुको अनुभव, प्रविधी, सीप, ज्ञान र पूँजीलाई लगानीको वातावरण निर्माणको लागि आवश्यक वातावरण नबनाउने हो भने हाम्रो समाज युवा श्रमशक्ति बिहिन बन्न धेरै समय कुर्नु पर्नेछैन । साथै यसबाट सामाजिक तथा आर्थिक अवस्थामा समेत गम्भिर असर गर्ने निश्चित छ ।

मुलुकको आर्थिक विकास र समृद्धिको सर्वाधिक महत्वपूर्ण र प्रभावकारी संयन्त्रका रुपमा रहेको रोजगारी र स्वरोजगारीको महत्व लाई स्वीकार गरी नेपाल सरकारले रोजगार-सम्पन्न र समावेशी आर्थिक वृद्धिलाई प्रबर्द्धन गर्ने सम्बन्धी प्रयत्नमा ध्यान केन्द्रीत गरिरहेको अवस्थामा विभिन्न माध्यम र तरिकाहरुबाट समावेशी, उत्पादनशील तथा लक्षित कार्यक्रमको विस्तार मार्फत् मर्यादित रोजगारी वृद्धि गरी असमानता र गरिबी न्यूनीकरण गर्ने उद्देश्यलाई परिपुरण गर्नका लागि यस प्रकारको योजना अति जरुरी देखिन्छ । त्यस्तै समष्ठिगत आर्थिक आधारहरुको सवलीकरण, उत्पादन र उत्पादकत्वको बृद्धि गर्ने मानव पूँजीको निर्माण र प्रतिस्पर्धी एवं उत्कृष्ट जनशक्तिको विकास, सामाजिक एवं आर्थिक विकासमा बिषयगत एकिकृत विकास प्रयासको थालनी गर्दै आर्थिक रुपमा सबल र आत्मनिर्भर गाऊँपालिकाको निर्माणको ध्येय राखी यस गाऊँपालिकाले पहिलो पटक ५ बर्षका लागि स्थानीय रोजगार रणनीतिको तर्जूमा गरि कार्यान्वयनमा ल्याइएको छ । यस स्थानीय रोजगार रणनीति आर्थिक विकासको माध्यमबाट स्थानीय तहमा रोजगारी सृजना गर्ने क्षेत्रगत रणनीति भएता पनि यसले अन्य बिषयगत नीति रणनीतिहरुलाई समेत अगुवाई गरी यसै नीति अनुसारका बिषयगत कार्यक्रमहरुलाई निर्देशित गर्दछ । आर्थिक विकास र गरिबी निवारण बहुआयामिक सवाल भएकोल समग्र नीतिसंग यो जोडिएको हुन्छ । स्थानीय तहका सबै कार्यक्रमहरुको साझा उद्धेष्य पालिकाको विकास र समृद्धिसंग जोडिएको हुन्छ । तसर्थ यसै रणनीति परिधिभित्र रही सम्बन्धित शाखाहरुले आफ्ना नीति तथा कार्यक्रम र कार्यनीतिहरु तयार गरी कार्यान्वयन गर्न सकेमा मात्र यसका लक्ष्य तथा उद्धेष्य प्राप्तिले सार्थकता पाउने हुन्छ । तसर्थ अन्तरसम्बन्धित विषय (Cross cutting Issues) को रुपमा रहेको रोजगारी सिर्जनाको लक्ष्यलाई कार्यान्वयनमा विभिन्न बिषयगत शाखा, उपशाखा, गैरसरकारी संघसंस्थाका परियोजना तथा कार्यक्रमहरु, अन्य विषयगत निकायहरु र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारी हुने अपेक्षा गरिएको छ । यसको निर्माणका लागि प्रत्यक्ष र परोक्ष रुपमा सहयोग, सुझाव, प्रतिक्रिया प्रदान गर्नुहुने कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरु, कार्यालयका विभिन्न शाखाहरु, विभिन्न संघसंस्था, सहकारी, रोजगारदाता तथा सम्भावित रोजगारदाता, नागरिक समाज लगायत सबैमा हार्दिक धन्यवाद ब्यक्त गर्दछु । जसरी यसको निर्माणको क्रममा सहयोग र समन्वय पाएको छौ, त्यसरी नै यस ५ बर्षे रणनीतिक योजनाको कार्यान्वयमा पनि सबैको महत्वपूर्ण सहयोगको अपेक्षा गरेका छौं । धन्यवाद् ।

शुभद्रा देवी अधिकारी (उप्रेती)
(उपाध्यक्ष) तथा
कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति संयोजक
लिखु गाऊँपालिका, नुवाकोट

**सम्पादन समूहको तर्फबाट .............................................................**



समाजको आर्थिक, सामाजिक रूपान्तरणका लागि सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षा पूरा गर्नका लागि स्थानीय सरकारको प्रतिबद्धता र भूमिकाले बिशेष महत्व राखेको हुन्छ । नयाँ व्यवस्था, नयाँ सोंच र नविन आकांक्षा संगै हुर्किएको गाऊँपालिकावासीको सुखी र समुन्नतिका सपनाहरुलाई एकै पटक पूरा गर्न असम्भव रहन्छ । तसर्थ स्थानीय सरकारले आफ्ना अंगहरुमा शुसासीत र सवल गराउदै योजनाबद्ध विकामा ध्यान दिनु अत्यन्त जरुरी छ । जनतामा राज्यप्रति आशा र भरोसा जगाउने गरी स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्दै लैजानु पर्ने देखिन्छ । सिफारिस र सम्झनाको आधारमा विकास-निर्माण गर्ने परिपाटीबाट माथी उठ्दै योजनाबद्ध परिकल्पनाका आधारमा अघि बढ्नु जरुरी छ । गाउँपालिका आफैमा एक सरकार भएकोले यसले विभिन्न बिषयगत क्षेत्रमा ध्यान दिनु पर्ने देखिन्छ । परराष्ट्र, सुरक्षा, बैदेशिक कुटनीति बाहेकका कुनै क्षेत्रको जिम्मेवारीबाट स्थानीय सरकार पन्छिन सक्तैन । नागरिकको नजिकको सरकारको रुपमा रहने गाउँपालिकाले नागरिकका बहुक्षेत्रगत आशा र अपेक्षा पूरा गर्न सक्षम रहनृ पर्दछ ।

समुन्नत र समृद्ध पालिका निर्माणको लागि अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण सरकारका मुख्य प्राथमिकतामा रहेको हुन्छ । उत्पादनशील, रोजगारीमूलक र न्यायपूर्ण वितरण सहितको उच्च, फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि योजनाबद्ध विकास र यसको प्रभावकारी कार्यान्वयन तथा योजना र बजेट बिच तादात्म्य कायम गरिनु अति महत्वपूर्ण र अनिवार्य बिषय हो । तसर्थ रणनीतिक योजना निर्माण मात्र ठूलो उपलब्धि होइन, यसको प्रभावकारी कार्यान्वयन सहित यसमा निर्धारित सूचकहरुको प्राप्तिका साथ सामाजिक, आर्थिक रुपान्तरण महत्वपूर्ण र बिशेष उपलब्धि हो । यस योजनाको निर्माणका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जुट्नुहुने कार्यपालिका, राजनितिक दल, बिषयगत शाखा, स्थानीय संघसंस्था, नीजि क्षेत्र, नागरिक समाज र इको वर्ल्ड डेभलपमेन्ट प्रा.लि.का परामर्शदाता, लगायत सम्बद्ध सबैमा हार्दिक आभार व्यक्त गर्दछौं । यस प्रकारको समन्वय, सहयोग र सहकार्य आगामी दिनमा यसको सफल र प्रभावकारी कार्यान्वयनमा पनि निरन्तर र अझ बृहत रुपमा फैंलदै जाने अपेक्षा हामीले लिएका छौं । भोलीक दिनहरुमा यसको कार्यान्वयनमा सरकार र नीजि क्षेत्रको सहकार्य, सहयोग र समन्वय अति जरुरी छ । यसतर्फ दुबै पक्षको स्पष्ट धारणा र परिकल्पना जरुरी देखिन्छ ।

योजनाको दीर्घकालीन लक्ष्य प्राप्तिका साथ समाजमा ब्याप्त बेरोजगारी र आर्थिक अभावबाट उन्मुक्तिको प्रयास स्वरुप यस रणनीतिक योजनाको तर्जुमा गरिएको हो । यस योजनाले गाउँपालिकामा गरिएका लगानीहरुलाई स्वरोजगारी र रोजगारीको चश्माले हेर्ने, नीजि र अनौपचारिक क्षेत्रका लगानीहरुलाई समन्वय गरि साझा र एकिकृत प्रयास गर्ने वातावरण तयार गर्ने आधार सृजना गरेको छ । योजनाको सफल कार्यान्वयनका लागि आन्तरिक तथा बाह्य लगानीको वातावरण सुधार, क्षेत्र विस्तार गर्न थप कानुनी तथा संस्थागत र संरचनागत व्यवस्थालाई निरन्तरत दिनु जरुरी छ ।

यस योजनाले कृषि तथा पशुजन्य उत्पादनमा उत्पादनदेखि बजारीकरणसम्मको कृषि इकोसिस्टम सुधार कार्ययोजना तयार गरेको छ भने रोजगारीका क्षेत्रमा एकिकृत रोजगारीका उपकरणहरु तथा रोजगारी सेवा केन्द्रलाई रोजगार सूचना विनिमयको थलोको रुपमा विकास गरि रोजगारीको अवसरहरुलाई प्राप्ति र पहुँच बढाउने रणनीति अवलम्बन गरेको छ । योजनाले बाध्यताबश बैदेशिक रोजगारीमा जाने वातावरणलाई निरुत्साहन गर्ने, रहरले बैदेशिक रोजगारीमा जानेहरुका लागि सेवा प्रदान गर्ने र बैदेशिक रोजगारीबाट फर्किएकाहरुलाईं स्वदेशमा नै टिकाई उनिहरुको सीप, पूंजी, अनुभवलाई स्वदेशमै प्रयोग गर्ने वातावरण निर्माणको लागि रणनीतिक योजना समेत पेश गरेको छ । धन्यवाद् ।

नारायण बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

**प्रकाशकीय** ............................................................................



सरकारले तय गरेको 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रमको अवधारणालाई स्थानीयकरण गर्न सकेमा स्थानीय तहमा रोजगारी सृजना, आर्थिक समृद्धि हासिल गर्नका लागि निकै मजबुत आधार तय गर्न सकिन्छ। विभिन्न निकाय र बिषयगत शाखा/कार्यालयमा रहेका उत्पादन र रोजगारी सृजनासँग सम्बन्धित कार्यक्रमलाई एकअर्काको परिपूरक हुने गरी सम्भाव्यताका आधारमा एकीकृत रूपमा कार्यान्वयन गर्न स्पष्ट नीगित व्यवस्थाको अभाव रहेको अवस्थामा यस स्थानीय रणनीतिक योजना एक महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ। सार्वजनिक नीजि क्षेत्रको सहकार्य, सहलगानी वा समन्वयको संरचना तयार गर्न, निजी पुँजी आकर्षित गर्न निश्चित बिषयगत योजना तथा कार्यक्रमको अभाव रहेको अवस्थामा यस रणनीतिक योजना तर्जूमाले आशाको दियो जगाउन खोजेको आभाष भएको छ। कृषि र उद्योग तथा अन्य क्षेत्रका उत्पादन, उपभोग र रोजगारी वृद्धिसँग सम्बन्धित कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्नका लागि संस्थागत संरचना, रणनीतिक योजनाको अभाव र स्पष्ट सोंच, परिकल्पना र ध्येयको अभाव रहेको अवस्थामा प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक सहयोगमा यो रणनीतिक योजनाको तर्जुमा गरिएको हो। कृषि, पर्यटन, उद्योग, शिक्षा, निर्माण, उत्पादन, सूचना प्रविधी, जलश्रोत तथा उर्जा क्षेत्र लगायतका रोजगारी र समग्र उत्पादनलाई प्रभावित गर्ने बहुआयामिक क्षेत्रलाई समेटेर निर्माण गरिएको यस रणनीतिक योजनाले मुख्यत: १० वटा रणनीतिक उद्धेष्य प्राप्तिका लागि ५० वटा कार्यनीति तथा सो कार्यनीतिको सूचकलाई पूरा गर्नका लागि १०३ वटा विभिन्न कार्यक्रमहरुको तर्जुमा गरिएका छन्। यसले मुख्यत उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न सहयोग पुऱ्याउने कार्यक्रम कार्यान्वयनमा जोड दिएको छ। गाऊँपालिकाबाट खर्च हुने सिपमूलक तालिमलाई उद्यमशीलता विकास र स्वरोजगार/स्वरोजगार प्रवर्द्धन हुने गरी कार्यान्वयमा समन्वय स्थापित गरिनुपर्ने, आन्तरिक जनश्रमको परिचालनमा जोड दिइनुपर्ने तर्फ यस रणनीतिक योजनाले जोड दिएको छ। वैदेशिक रोजगारीबाट फर्केका रिटर्नीहरुको उद्यमशीलता विकास गरी स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्धन र स्तरोन्नतिका उपायहरुलाई पहिचान गर्दै नवप्रबर्धन, रैथाने तथा परम्परागत सिप र पेसामा आधारित उद्यम प्रवर्धन तथा बजारिकरणलाई स्पष्ट मार्गनिर्देश गरेको छ। नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, नीति-निर्माण प्रक्रिया र पहलहरुमा रोजगारका उद्देश्यहरुको समायोजन र प्राथमिकीकरण.गर्ने, स्थानीय सरकार, सामाजिक साझेदारहरु तथा सरोकारवालाहरुबीच प्रभावकारी समन्वय र साझेदारी गर्ने, लगानीमैत्री सकारात्मक वातावरणको विकास गर्ने, सरोकारवालाहरुको क्षमता विकास तथा रोजगारसम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध जनश्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई स्थानीयका अर्थतन्त्रलाई सवल र गतिशील बनाउदै गरिवी निवारणमा योगदान पुऱ्याउने, बैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई रोजगारमुलक र आर्थिक समृद्धिको बाटोतर्फ पुनर्निदेशित गर्ने र उर्जाशिल युवा परिचालन गराई उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ यो ५ बर्षे रणनीतिक योजना तयार गरि लागु गरिएको हो।

अनौपचारिक रोजगारलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रम बजारको आवश्यकता अनुसारको प्रतिफलमुखी ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने, रोजगार सेवा केन्द्रको संस्थागत स्थायित्व, कार्यविवरणलाई परिमार्जन सहित थप प्रभावकारी र रोजगार सूचना विनिमय केन्द्रका रुपमा विकास गर्न समेत सिफारिस गरेको देखिन्छ। यस योजनालाई केवल दस्तावेजको रुपमा मात्र सुरक्षित नराखी बार्षिक योजना तर्जुमाको बखत यस योजनामा निर्धारित लक्ष्य, उद्धेष्य रणनीतिलाई समेत आत्मसात गर्दै भावी योजना तथा नीतिहरु निर्माण हुन सकेमा मात्र यस योजना निर्माणले सार्थकता पाउने देखिन्छ र गाउँपालिकाको समृद्धिको सपना पूरा गर्न सहायक शिद्ध हुनेछ। यस योजना निर्माणको कार्यमा सहयोग गर्नुहुने गाऊँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू लगायत कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, सहकर्मी कर्मचारी मित्रहरु, विभिन्न सहकारी तथा स्थानीय संघसंस्था तथा नागरिक समाजका प्रतिनिधीहरु प्रति हार्दिक आधार ब्यक्त गर्दछु। धन्यवाद्।

खिमा कुमारी सुवेदी
रोजगार संयोजक
लिखु गाऊँपालिका, नुवाकोट

# बिषय-सूची


| क्र.सं. | बिषय | पेज नं. |
|---|---|---|
| | कार्यकारी शारांस | १ |
| | खण्ड १ सन्दर्भ बिश्लेषण (Contextual Analysis) | |
| १.१ | पृष्ठभूमि | ४ |
| १.२ | स्थानीय रोजगार रणनीतिक योजनाको आवश्यकता र औचित्यता | ५ |
| १.३ | योजना तर्जुमा पद्धति | १० |
| १.४ | अध्ययनको क्षेत्र | ११ |
| १.५ | योजनाका निर्माण तथा कार्यान्वयनमा उत्पन्न हुन सक्ने सीमाहरु | १२ |
| | खण्ड २ वर्तमान अवस्थाको बिश्लेषण (Current Situation Analysis) | |
| २.१ | श्रम बजार र श्रमिकको अवस्था | १६ |
| २.२ | गाउँपालिकाको आर्थिक तथा रोजगारीको अवस्था | १८ |
| २.३ | गाउँपालिको सामाजिक अवस्था | १९ |
| २.४ | गाउँपालिकाको पूर्वाधारको अवस्था | १९ |
| २.५. | गाउँपालिकाको कानुनी अवस्था | २० |
| | खण्ड ३ रणनीतिक योजनाको आवधिक समीक्षा : | २१ |
| | खण्ड ४ रणनैतिक बिश्लेषण (Strategic Analysis) | |
| ४.१. | श्रम तथा रोजगारीको क्षेत्रमा बिद्यमान चुनौतीहरु | २४ |
| ४.२. | रणनीतिको दीर्घकालीन सोंच | २५ |
| ४.३. | रणनीतिका उद्धेष्यहरु | २५ |
| ४.४. | नीतिहरु तथा कार्यनीतिहरु | २७ |
| | खण्ड ५ रणनीतिक कार्यान्वयन संयन्त्र (Strategic Implementation Structure) | |
| ५.१. | आवश्यक कानुनी ब्यवस्था | ३४ |
| ५.२. | संस्थागत ब्यवस्था | ३४ |
| | अनुसूची १ कार्ययोजना | ३६-५९ |
| | अनुसूची २ कार्यनीति तथा कार्ययोजना समय तालिका | ६० |
| | अनुसूची ३ तथ्यांकगत तालिकाहरु | ७८ |
| | अनुसूची ४ प्रतिवेदनको ढाँचा | ८३ |

# लिखु गाँउपालिकाको स्थानीय रोजगार रणनितिक योजना, २०८०

## (अध्यावधिक संशोधन-२०८१ सहित)

### (आ.व. २०८०/०८१-२०८५/०८६ सम्म)

**कार्यकारी शारांश**

बि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने नेपालको राष्ट्रिय प्रतिबद्धता पूरा गर्न, राष्ट्रिय योजना आयोगको १५ औं योजनाको समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना साकार पार्न र नेपालको संविधान अनुसार राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक बृद्धिको आवश्यकता पूरा गर्नका लागि तीनै तहको सरकारको उत्तिकै महत्वपूर्ण भूमिका रहने हुन्छ । नागरिकको पहिलो र अनुभूत गर्न सकिने नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले समुदाय तहदेखि नै समष्ठिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको सहलगानीलाई बृद्धि गर्दै स्थानीय जनशक्तिको विकास र परिचालनका साथ उपलब्ध ज्ञान, सीप, पूँजी तथा प्रविधी, पूर्वाधार लगायतका श्रोतहरुको प्रयोगबाट उत्पादन र उत्पादकत्वको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै जानुपर्ने देखिन्छ । अर्कोतिर गुणस्तरीय मानव पूँजीको निर्माण, उद्यमशील कार्यसंस्कृतिको विकास गर्नुपर्ने आजको आवश्यकता हो भने अर्कोतर्फ बिद्यमान श्रम, श्रोत र मानव पूँजीको प्रभावकारी र महत्तम उपयोगका साथ स्थानीय आर्थिक विकासको जगलाई मजबुत पार्दै लानुपर्ने जरुरी देखिन्छ । स्वच्छ, शिक्षित, मर्यादित र उच्च जीवस्तरको सुखी नागरिकको बसोवास भएको गाउँपालिका निर्माणको लागि गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माणको चाहनालाई पूरा गर्ने महत्वपूर्ण माध्यम भनेको आर्थिक समृद्धि हो । यसका लागि यस गाउँपालिकाका नागरिक रोजगार/स्वरोजगार रहनु, आन्तरिक उत्पादन र उत्पादकत्वमा गुणात्मक बृद्धि हुनु र यसका नागरिकहरुको प्रतिब्यक्ति आयमा उल्लेख्य बृद्धि हुनु हो । यसका लागि तीनै तहको सरकारमा धेरै प्रकारका चुनौतीहरु रहेका छन् । ती बिद्यमान चुनौतीहरुलाई सामना गर्नका लागि योजनाबद्ध विकास र दीर्घकालीन लक्ष्य र गन्तब्य सूचकको जरुरी पर्दछ । तथ्यमा होइन सम्झनाको आधारमा भएका तदर्थवादी विकास र दीर्घकालीन योजना विहिन विकास पद्धतिले त्यो दीघकालीन महोत्वाकांक्षालाई पूरा गर्न कदापि नसक्ने अवस्था स्पष्ट देखिन्छ ।

तसर्थ स्थानीय तहमा रोजगारीका पर्याप्त अवसरहरुको सृजना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा दह्लिलो योगदान पुऱ्याउन, गाउँपालिकामा मानव पूँजीको निर्माण तथा बिद्यमान मानव पूँजीको सम्भावनाको पूर्ण उपयोगका साथ आगामी ५ बर्ष गाउँपालिकाका बार्षिक योजना तथा कार्यक्रमहरुलाई यस रणनीतिसंग सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न र आर्थिक उपलब्धि हासिल गर्नेतर्फ केन्द्रित गराउनका लागि यो रणनीतिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउन लागिएको हो । यसका अतिरिक्त नागरीकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, गाउँपालिकाको नीति-निर्माण प्रक्रिया र पहलहरुमा रोजगारका उद्देश्यहरुको बलियो समायोजन र प्राथमिकीकरण.गर्ने, स्थानीय सरकार, सामाजिक साझेदारहरु तथा अन्य सरोकारवालाहरुबीच प्रभावकारी समन्वय र साझेदारी

गर्ने, लगानीमैत्री सकारात्मक वातावरणको विकास गर्ने, सरोकारवालाहरुको क्षमता विकास तथा रोजगारसम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीतिहरु र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध जनश्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई स्थानीयका साथै राष्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशील बनाउदै गरिवी निवारणमा योगदान पुऱ्याउने, बैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई रोजगारमुलक र आर्थिक समृद्धिको बाटोतर्फ पुनर्निदेशित गर्ने र समाजमा रहेको आर्थिक एवं सामाजिक विभेदलाई अन्त्य गर्दै पालिकाका उर्जाशिल युवाहरुलाई परिचालन गराई उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ यो ५ बर्षे रणनीतिक योजना तयार गरि लागु गरिएको छ। यसका अतिरिक्त यस रणनीतिक योजनाले प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, अनौपचारिक रोजगारलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रम बजारको आवश्यकता अनुसारको ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने लक्ष्यलाई अंगिकार गरेको छ।

यो स्थानीय रोजगार रणनीतिक योजनाको स्थानीय तहको रोजगार रणनीतिक योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०८० मा आधारित रहेर निर्माण गरिएको छ। राष्ट्रिय योजना आयोगको १५ औं योजना, राष्ट्रिय रोजगार नीति २०७१ का उल्लेख भई समाधान हुन नसकेका स्थानीय चुनौती लगायतका स्थानीय तहका जनप्रतिनिधीहरु तथा समुदायका तहबाट प्राप्त भएका चुनौतीहरुको समाधानका लागि उपयुक्त समाधानका उपायहरु र तीनै श्रोतबाट प्राप्त सुझाव सल्लाहलाई आधार मानी यस रणनीतिक योजनाको निर्माण गरिएको छ। यसले नुवाकोट जिल्लाको लिखु गाउँपालिकाको समग्र विकास लक्ष्य हासिल गर्ने कार्यमा बढी प्रभावकारिता र सामन्जस्यतालाई सुनिश्चित गर्ने अपेक्षा राखिएको छ।

यस रणनीतिक योजनाको दीर्घकालीन सोंच :

**"गुणस्तरीय रोजगारी, उत्पादनशील अर्थतन्त्र, उद्यमी युवाको सम्मान,**

**दिगो आर्थिक समृद्धि र गरिबी न्यूनीकरण लिखुको पालिकाको अभियान"**

रहेको छ। कृषि, पर्यटन, उद्योग, शिक्षा, निर्माण, उत्पादन, सूचना प्रविधी, जलश्रोत तथा उर्जा क्षेत्र लगायतका रोजगारी र समग्र उत्पादनलाई प्रभावित गर्ने बहुआयामिक क्षेत्रलाई समेटेर निर्माण गरिएको यस रणनीतिक योजनाले मुख्यतः १० वटा रणनीतिक उद्धेष्य र सो उद्धेष्य प्राप्तिका लागि ४८ वटा कार्यनीति तथा सो कार्यनीतिका कार्यसम्पादन सूचकलाई पूरा गर्नका लागि १०३ वटा विभिन्न कार्यक्रमहरुको तर्जुमा गरिएका छन्।

लक्ष्य, कार्यनीति तथा ती कार्यनीतिलाई पूरा गर्ने क्रियाकलापहरुको शारांस विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | उद्धेष्यहरु | कार्यनीति संख्या | निर्धारित कृयाकलाप संख्या | आवश्यक प्रस्तावित बजेट (रु हजारमा) |
|---|---|---|---|---|
| १ | **उद्धेष्य १:** कृषिलाई व्यावसायिक र निर्यातमुखी र उच्च मूल्यका बालीतर्फ आकर्षित गराउनका लागि आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने । | ४ | ११ | **७५३००** |
| २ | **उद्धेष्य २:** स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गर्ने । | १० | २० | **६१२००** |
| ३ | **उद्धेष्य ३:** उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि र श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पु¥याउने । | ६ | १७ | **२०२००** |
| ४ | **उद्धेष्य ४:** युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने । | ४ | ९ | **१३५००** |
| ५ | **उद्धेष्य ५:** श्रम र रोजगारीका क्षेत्रमा देखिएका बिकृतीलाई सुधारका गर्नका लागि समन्वय, सहकार्य र कार्यान्वयन संयन्त्रको व्यवस्थापनलाई मजबुत गराउने । | ५ | १२ | **१९५५०** |
| ६ | **उद्धेष्य ६:** आर्थिक विकासको अवरोधक (Bottleneck) को पहिचान गर्ने र सोको समाधानको सम्भावना पहिल्याउने । | ५ | ११ | **६१४००** |
| ७ | **उद्धेष्य ७:** आीर्थक विकासका नयाँ नयाँ चुनौतिहरुको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन युवाहरु र गाउँपालिकालाई सक्षम गराउने । | ३ | ५ | **२५२००** |
| ८ | **उद्धेष्य ८:** सुशासन, समन्वय र सहकार्य संस्कृति विकास गर्ने । | **४** | ८ | **१७०००** |
| ९ | **उद्धेष्य ९:** रोजगारीको हक तथा श्रमको सम्मानको कानुनी व्यवस्थालाई स्थानीय तहबाट नै संस्थागत गर्ने । | **३** | ४ | **८१००** |
| १० | **उद्धेष्य १०:** आप्रवासी र प्रवासी कामदारलाई प्रदान गरिने सेवा र रिटर्नीहरुको परिचालनलाई उचित व्यवस्थापन गर्ने । | **६** | ६ | **२२००** |
| | **जम्मा** | **५०** | १०३ | ३०३६५० |

## खण्ड १

# सन्दर्भ बिश्लेषण (Contextual Analysis)

## १.१. पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको बहालीसंगै निर्माण गरिएको नेपालको संविधानको प्रस्तावनामा नै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प गरेको देखिन्छ। त्यस्तै सोही प्रस्तावनामा दिगो शान्ति, सुशासन, विकास र समृद्ध राष्ट्र निर्माणको आकांक्षा राखिएको छ। संविधानको भाग ३, मौलिक हक र कर्तब्यको ब्यवस्था अन्तर्गत धारा ३३ मा प्रत्येक नागरिकलाई रोजगारी र रोजगारीको छनौट गर्न पाउने हकको प्रत्याभूति गर्दै रोजगारीको हकको छुट्टै ब्यवस्था गरेको छ। साथै सोही संविधानको धारा ३४ ले प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने कानुनी ब्यवस्था समेत गरेको छ। अझ यस संविधानले राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (झ) मा श्रम र रोजगार सम्बन्धी अलग नीतिको ब्यवस्था गरेको पाईन्छ। जस अनुसार बिशेष गरी ६ वटा बुँदामा श्रम र श्रमिकको पक्षमा राज्यले अवलम्बन गर्नुपर्ने बिशेष नीतिगत ब्यवस्थाको उल्लेख गरिएको छ। उक्त बुँदाहरुमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्ने, देशको सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र ब्यवसायिक बनाई स्वदेशमा नै रोजगारी गर्न सक्षम रोजगारी अभिबृद्धि गर्ने उल्लेख गरिएको छ। यसका अलावा मर्यादित श्रमको अवधारणा, श्रमिकको आधारभूत अधिकार, उनीहरुको सामाजिक सुरक्षाको सुब्यवस्था, श्रम शोषणको अन्त्य, उद्यमी र ब्यवसायीको सम्बन्धको विकास र सहभागितालाई सुनिश्चित गर्ने प्रयास गरिएको छ। साथै बैदेशिक रोजगारीलाई थप मर्यादित र शोषणमुक्त, सुरक्षित र ब्यवस्थित, उपलब्धिमुलक गराउने, श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न उचित नियमन तथा ब्यवस्थापन गर्ने र बैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधी र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउँन प्रोत्साहन गर्ने कानुनी ब्यवस्था गरेको छ। नेपालको संविधानको धारा १७ मा पेशा, रोजगारी, उद्योग ब्यापार तथा ब्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता, कुनै पनि श्रम प्रति अवहेलना गर्न नहुने, धारा १८ (४) मा समान कामको लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा विभेद गर्न नपाईने समेत ब्यवस्था गरको छ। धारा ५० (२) ले श्रमको सम्मान र उद्यमशीलता तथा सामाजिक तथा सांस्कृतिक उद्धेष्य सहित राज्यका निर्देशक शिद्धान्तको निर्धारण गरेको छ।

सोही संवैधानिक ब्यवस्थाको कार्यान्वयन गर्दै राष्ट्रिय समृद्धि र नागरिक हकको सुनिश्चित गर्नका लागि नेपाल सरकारले अन्य विभिन्न किसिमका कानुनी तथा नीतिगत ब्यवस्थाहरु गरको छ। श्रम तथा रोजगारीका बिषयलाई ब्यवस्थित गर्नका लागि बैदेशिक रोजगार नीति, २०६८ राष्ट्रिय रोजगार नीति, २०७१, राष्ट्रिय ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६, बैदेशिक रोजगार ऐन, २०६४, श्रम ऐन २०७४, रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी भइ कार्यान्वयनमा आइरहेको छ। त्यस्तै श्रमको सम्मान राष्ट्रको अभियान रणनीति २०७८, श्रम तथा रोजगार सेवा सम्बन्धी एकिकृत कार्यविधी २०८० को तर्जुमा भई कार्यान्वयनमा आइरहेको छ।

साथै नेपाल सरकार तथा प्रदेश सरकारले समेत युवा रोजगारीलाई प्रोत्साहन गर्नका लागि समय-समयमा विभिन्न कार्यक्रमहरु ल्याउने तथा कार्यान्वयनमा ल्याउने गरका छन्।

सहस्राब्दि विकास लक्ष्यका पहिलो लक्ष्यले गरिबी र भोकमरीबाट मुक्ति दिलाउने अन्तराष्ट्रिय लक्ष्यलाई पूरा गर्न, समृद्ध नेपाल, सुखी नेपालीको मनोकांक्षा सहित तयार गरिएको राष्ट्रिय योजना आयोगको १५ औं (पञ्चबर्षिय) योजनाको परिच्छेद ५ अन्तर्गतका आर्थिक क्षेत्रको विकासका लागि क्षमता विकास, बित्तीय पहुँच र प्रबर्द्धनात्मक उपायहरुको अवलम्बन गर्ने खण्ड ५.२ का रणनीतिक उद्धेष्यलाई टेवा पुऱ्याउदै, राष्ट्रिय रोजगार नीति २०७१ को लक्ष्य, उद्धेष्य र नीतिगत व्यवस्थाहरुलाई परिपालना गर्नका लागि तीनै तहका सरकारको उत्तिकै भूमिका रहने भएकोले प्रत्येक स्थानीय तहले स्थानीय रोजगार रणनीतिको तर्जुमा गरी कार्यान्वयमा लानु पर्ने अवस्था आएको छ । यसै स्थानीय रणनितिक योजनाको सहायताले राष्ट्रिय योजना आयोगको १५ औं योजनाको दीर्घकालीन राष्ट्रिय लक्ष्यको लक्ष्य नं. २ को मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्न र लक्ष्य नं. ४ को उच्च र समतामुलक राष्ट्रिय आयमा बृद्धि गर्ने स्थानीय तहदेखि नै मानव जनशक्तिको प्रबर्द्धनका लागि स्थानीयहरुको शीप, दक्षता, प्रतिस्पिर्धी क्षमताको विकास गरी उनीहरुलाई स्थानीय उत्पादनमुलक कार्यमा परिचालित गराई दिगो आयका साथ राष्ट्रिय आयमा समेत टेवा पुऱ्याउन सकिने अवस्था रहन्छ । त्यस्तै १६ योजनाको अवधारणा पत्रानुसार

## १.२. स्थानीय रोजगार रणनीतिक योजनाको आवश्यकता र औचित्यता

यस लिखु गाउँपालिका १० बर्ष वा सोभन्दा माथि उमेर समूहका जनसंख्या १५०९१ जना रहेका छन् । ती मध्ये महिला ७१८२ जना र पुरुष ७९०९ जना रहेका छन् । त्यसमध्ये केवल ८६१६ जनामात्र आर्थिक रुपले सक्रिय जनसंख्या रहेको देखिन्छ । लिखु गाउपालिकाबाट कूल १२२२ जना घरधुरीका १४५३ जना बैदेशिक रोजगारीमा गएका देखिन्छन् भनी ती मध्ये अनुभव, सीप र ज्ञान हासिल गरेर कूल ६८७ जना स्वदेश फर्केका र अझै ७६६ को हाराहारीमा बैदेशिक रोजगारीमा नै रहेको तथ्यांकले देखाउदछ । ती केवल श्रम स्वीकृत लिएर गएकाहरुको मात्र तथ्यांक हो । यस बाहेक श्रम स्वीकृती नलिई बैदेशिक रोजगारीमा जानेहरुको संख्या पनि भेरै नै रहेको अनुमान गर्न सकिन्छ । फर्किएका मध्ये कूल ५३६ जना ३ बर्ष वा सोभन्दा बढी कार्यानुभव भएका छन् । फर्किएका कूल ६८७ जना मध्ये ५७६ जनाको कुनै रोजगारी नहुँदा सामान्य कृषि पेशामा नै रहेर जीवन धान्न बाध्य भएका देखिन्छन् । उनीहरु रोजगारीको खोजीमा रहेका देखिन्छन् । ५५ जनाले त तत्काल कुनै न कुनै रोजगारीमुलक क्यवसाय गर्ने योजना बनाएका पाईएको छ । (श्रोतः लिखु गाउपालिकाको बैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र २०७९) । २१ देखि ४० बर्ष उमेरबीचका ९० प्रतिशत युवाहरु नै बैदेशिक रोजगारीमा जाने गरेको तथ्यांकले देखाउँदछ । आफ्नै मुलुकमा श्रम र सीप खन्याउनका लागि स्थान नपाएका ती युवाहरु बैदेशिक रोजगारीमा जानका लागि पनि असंख्य, झमेला, दुःख, कष्टहरु झेल्नु परेको हुन्छ । एकातिर देशमा जीवन निर्वाहको बाटोहरु नभए

पश्चात बाध्यतबश बिदेशिनु परेको हुन्छ भने बिदेशिन क्रमका झमेलाहरु बेहोर्नुपर्ने र बिदेशमा पनि पनि सुरक्षित, मर्यादित र प्रतिफलयुक्त काम प्राप्त गर्नको लागि कठिन बनेको अवस्था छ। साथै स्थानीय तहमा एकातिर सीपयुक्त जनशक्तिको अभाव रहनु र अर्कोतर्फ उपलब्ध जनशक्ति बेरोजगार रहनु परेको यथार्थ हाम्रो सामु रहेको छ। यसको अर्थ जनशक्तिको माग र आपूर्तिका पक्षबीच मेल हुन सकिरहेको छैन। यसको लागि नियमन र समन्वय गर्ने कुनै समन्वयकारी निकाय र सोही अनुसारको कानुनी वा नीतिगत ब्यवस्था रहनु जरुरी रहेको देखिन्छ। साथै स्थानीय तहमा लगानी मैत्री वातावरण नहुनु, मर्यादित श्रम बजार र श्रमको उचित सम्मान नहुनु, समस्या पर्दा समाधानको लागि सहजिकरण गरिदिने निकायले नेतृत्वदायी भूमिका निर्वाह गरिदिन नसक्नु, प्राविधिक र ब्यवसायिक शिक्षाको अभाव रहनु, सरकारी, नीजि र सहकारीको साझेदारी र समन्वयको अभाव रहनु आदि कारणले पनि स्थानीय तहका बर्षेनी ५ लाखको हाराहारीमा उर्जाशिल युवाशक्ति विदेश पलायन हुने गरेका छन्। विदेश जानका लागि पनि स्थानीयस्तरमा सहजिकरण गर्न नसकिनु, उनिहरुको हक अधिकारको निम्ति वकालत गर्ने आधिकारिक निकायको कमी वा पहुँचमा कमी आदिका कारणले विदेशमा समेत मर्यादित रुपमा कार्य गर्न नपाएको देखिन्छ। बैदेशिक रोजगारीबाट फर्केका युवाहरुले अथाह अनुभव, सृजनशिलता, सीप र दक्षता बोकेर स्वदेशमा नै केहि नवसृजना गर्ने आँट र शाहस बोकेर आएता पनि पालिकास्तरमा नीतिगत समस्या, समन्वय र प्रोत्साहनको अभावका कारणले पनि उनिहरु निराश भएर पुनः बिदेशिनु परेको यथार्थता हाम्रो सामु देखिएको छ। उनीहरुलाई स्वदेशमा नै टिकाइ राख्ने, गुणस्तरीय उत्पादनमा संलग्न गराई स्वरोजगार र रोजगारदाताको रुपमा विकास र प्रबर्द्धन गराई गाउँपालिका आफै स्वावलम्बी, आत्मनिर्भर रही समृद्धिको बाटोमा लाग्नका लागि स्थानीय तहमा उचित कानुन, नीति, रणनीति र कार्ययोजनाको जरुरी देखिएको छ।

आफ्नो पालिकामा बिद्यमान सीप विकास, उद्यमशिलता र रोजगारीको यथार्थ र वस्तुपरक जानकारी तत्काल प्राप्त गर्न नसक्दा गाउँपालिका लाई नीति तथा कार्यक्रम निर्माणमा समेत अप्ठयारो अवस्थामा गुज्रिरहेको देखिन्छ। श्रम बजार र श्रमिक बीचको सूचना आदान प्रदान मा हुने सूचनाको आदान प्रदानमा समन्वयकारी निकाय नहुँदा एकातिर श्रमशक्ति कामको खोजीका लागि भौतारिने र अर्कातर्फ स्थानीयस्तरमा श्रमशक्तिको सूचना अभावले उत्पादनमा असर गर्ने वा अन्यत्रबाट आएका श्रमिकहरुले काम पाउने अवस्था देखिएको छ। यसले आफ्नो पालिकाको अवस्था अज्ञात रहने र आइपर्ने अवसरहरुबाट पनि बञ्चित हुने देखिन्छ। श्रम बजारको माग र आवश्यकतालाई ध्यानमा राखेर समन्वयकारी भूमिका पूरा गर्न र स्थानीयस्तरमा श्रमको सही

परिचालन एवं उत्पादनमा अभिबृद्धि गर्ने नीति तथा बजेट तर्जूमा गर्नका लागि यस प्रकारको रणनीतिक योजनाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । आफ्नो जनशक्तिलाई श्रम बजारको माग बमोजिम दक्ष, गुणस्तरीय उत्पादनशील र उद्यमशीलता बनाउदै उत्पादकत्व अभिबृद्धि गरी नियोजित विकासले मात्र स्थानीय तह आफै सक्षम रहन गई आर्थिक रुपले समृद्ध बन्न जाने हुन्छ । नेपालको संविधानको धारा ३३ मा उल्लेख गरेअनुरुप प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित हुने अवस्थाको सृजना गर्नका लागि  स्थानिय तहको रोजगार रणनिति तर्जुमा गरी यस गाउँपालिकामा रहेका बेरोजगार श्रमिकको पहिचान गरी रोजगार सृजना गर्नु स्थानिय सरकारको दायित्व रहने हुनाले रोजगारदाताहरुलाई श्रमिकको सीप क्षमता अनुसारको सेवा प्रदान गर्न समन्वय गरी स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको पहल तथा पहिचान गरी कार्यान्वयन गर्नको लागी रोजगार रणनीति आवश्यक रहेको छ । गरिबी निवारण र समावेशीता प्रबर्द्धन गर्न सर्वाधिक महत्वपूर्ण र प्रभावकारी संयन्त्रका रुपमा रोजगारीको महत्व रहेको कुरालाई स्वीकार गरी नेपाल सरकारले रोजगार-सम्पन्न (job–enrichment) र समावेशी आर्थिक वृद्धिलाई प्रबर्द्धन गर्ने सम्बन्धी प्रयत्नमा ध्यान केन्द्रीत गरिरहेको अवस्थामा विभिन्न योजनाहरुले रोजगारीको महत्वमाथी जोड दिदैं समावेशी, उत्पादनशील तथा लक्षित कार्यक्रमको विस्तार मार्फत् मर्यादित रोजगारी वृद्धि गरी असमानता र गरिबी न्यूनीकरण गर्ने उद्देश्यलाई परिपुरण गर्नका लागि यस प्रकारको योजना अति जरुरी देखिन्छ ।

स्थानीय तहमा रहेको जनशक्तिको अवस्थाको सूचना समेत ब्यवस्थित नरहेको परिवेशमा त्यस्ता सूचना तथा तथ्यांकहरुलाई ब्यवस्थित गर्ने, दक्ष, उद्यमशील मानवीय श्रोतको योजनाबद्ध विकासका लागि नीति तर्जुमा तथा बजेटको ब्यवस्थापन गरी कार्यान्वयनमा लाने, आफ्नै पालिकामा रोजगार सृजना गरि आत्मनिर्भर गराउने, स्वदेशमा रोजगारीको अभाव रहेको अवस्थामा बैदेशिक रोजगारीमा जानेहरुका लागि दिईने सेवाहरुलाई ब्यवस्थित, सरल र सहज गराउनका लागि एकिकृत सेवा सञ्चालन पद्धतिको विकास गर्ने, बैदेशिक रोजगारीबाट फर्केर आएकाहरुका लागि सामाजिक, आर्थिक तथा पारिवारिक रुपमा पुनर्स्थापना तथा पुनःएकिकरणका कार्यक्रमहरुलाई ब्यवस्थित रुपमा सञ्चालन गराई उनिहरुका सीप र अनुभवलाई स्थानीय आर्थिक विकासमा उपयोग गराउने र उनीहरुलाई पुनः विदेश फर्कनु भन्दा स्वदेशमा नै रोजगारी गर्न प्रेरित गर्ने, पूँजीको अभाव रहेको कारण उत्पादन र रोजगारीको क्षेत्रमा कार्य गर्न नसकेको अवस्थामा पूँजी निर्माणको लागि आवश्यक समन्वय र सहजिकरण गर्नका लागि पालिकास्तरमा संयन्त्रको निर्माण गर्ने आदि कार्यका लागि पालिकास्तरमा कुनै योजनाबद्ध राणनीतिक खाका तयार नभएकोले ती यावत आवश्यकता परिपूर्ति गर्नका लागि यस रणनीतिक योजना अपरिहार्य रहेको छ ।

संक्षेपमा यस रणनीतिक योजनाको आवश्यकतालाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१.२.१. नेपालको संविधानको धारा ३३ र ३४ मा रोजगारीको हक र श्रमको हकलाई कार्यान्वयन गर्ने जिम्मेवारी तीनै तहका सरकारको रहने हुँदा स्थानीय सरकारको जिम्मेवारीमा रहेका ती मौलिक हकको रक्षाका लागि योजनाबद्ध कार्य गर्न यो रणनीतिक योजनाको आवश्यकता महशुस गरिएको हो ।

१.२.२. राष्ट्रिय योजना आयोगको १५ औं योजनाले प्राथमिकता दिएको र १६ औं योजनाको अवधारणापत्रको रोजगारी र आर्थिक समृद्धि संग अन्तरसम्बन्धित रहेको बिषयहरु जस्तै गरिबी निवारण, मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने, सीप तथा क्षमता विकास, सामाजिक सुरक्षा, विपन्न वर्गका लागि रोजगारीमा पहुँच बृद्धि गर्दै सामाजिक न्याय आदिका क्षेत्रगत लक्ष्यलाई टेवा पुऱ्याउन तथा उक्त योजनाको राष्ट्रिय रणनीतिको तिब्र, दिगो र रोजगारमुलक आर्थिक बृद्धि गर्ने, दिगो उत्पादनशील क्रियाकलापहरुलाई प्रभावकारी संयोजन, सहजिकरण र कार्यान्वयनका लागि जिम्मेवार युवाशक्तिलाई परिचालन गर्नु जरुरी रहेकोले यस रणनीतिले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । सुशासन र सामाजिक न्याय र समृद्धिको उच्चतम सोंचको साथ राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासनकायम गर्ने, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्ने, मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने फराकिलो उद्धेष्यका साथ निर्माणाधीन १६ औं योजनाले रुपान्तरणकारी संरचना, तिनवटै सरकार बीच अन्तर्सम्बन्ध स्थापित गर्दै क्षमता विकास गर्ने, अध्ययन एवं अनुसन्धानमा आधारित नीति निर्माण गर्ने जस्ता महत्वपूर्ण रणनीतिहरु अवलम्बन गरेको छ । आन्तरिक रोजगारी प्रबर्द्धन गर्नका लागि श्रमको सम्मान गर्ने वातावरण निर्माण गराउनु, भर्खरै श्रम बजारमा छिरेका युवा तथा वेरोजगार ब्यक्तिहरुलाई रोजगारमुलक सेवा प्रवाह गराई समृद्ध र मर्यादित जीवन यापन गर्न सहयोग गर्नु स्थानीय सरकारको जिम्मेवारी रहन्छ । तसर्थ आन्तरिक रोजगारी प्रबर्द्धनका लागि श्रम तथा रोजगारीका क्षेत्रमा लगानी प्राथमिकता तय गर्ने, श्रम तथा रोजगार बजारको माग बमोजिम सीप तथा क्षमता विकास गर्ने, श्रमको सम्मानको वातावरण स्थापित गराई समावेशी रोजगारी प्रदान गर्नका लागि समन्वय, सचेतना सहकार्य र सरकारी, नीजि, सहकारी साझेदारीका ढोकाहरुलाई खोली सामुहिक प्रयासमा उच्च आर्थिक उन्नतिका लागि प्रयत्नरत रहने र श्रमको सम्मान राष्ट्रको अभियान नारालाई सार्थक तुल्याउनका लागि यस प्रकारको रणनीतिक योजना अत्यावश्यक रहेको देखिन्छ ।

१.२.४. नेपालको रोजगारीका हक सम्बन्धी ऐन २०७५, अनुसार रोजगारीको हक सुनिश्चित गर्ने, नागरिकको क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न, रोजगार श्रृजनाका कार्यक्रम सञ्चालन गर्न र रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा ब्यवस्था गर्न समेत यस रणनीतिक योजनाले टेवा पुऱ्याउन सक्तछ । त्यस्तै ऐनको ब्यवस्था अनुसार रोजगार सूचना उपलब्ध गराउन, रोजगारदाताको विवरण राख्न, र बिद्यमान प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सुदृढ र पालिकाको रोजागारी प्रबर्द्धनप्रति अझ उत्तरदायी र स्थायी संयन्त्रको रुपमा स्थापित गराउन समेत यस योजनाले भूमिका खेल्ने हुन्छ । दक्ष जनशक्तिको तीव्ररुपमा भइरहेको परिवर्तीत मागलाई प्रभावकारीरुपमा प्रक्षेपण, विश्लेषण, र अनुगमन गर्नका लागि श्रम बजार सूचनाको सङ्कलन र विश्लेषण गर्न पनि नीतिगत क्रियाशीलता आवश्यक छ ।

१.२.५. सरकारको रोजगार नीति, २०७१ को दुरदृष्टि र लक्ष्य अनुसार आय-आर्जनमुखी रोजगार सिर्जना गरी गरिबी निवारणको लक्ष्य हासिल गर्ने कार्यका लागि सबै क्षेत्रबाट पृष्ठपोषण प्रदान गर्नुपर्ने हुन्छ । यसका अलावा श्रम रोजगार सेवा सम्बन्धी एकिकृत कार्यविधी २०८०

र यस सम्बन्धी प्रमुख नीतिहरुमा औद्योगिक नीति, राष्ट्रिय कृषि नीति, राष्ट्रिय युवा नीति एवं प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीतिहरुले राखेका उद्धेष्यहरुलाई पूरा गर्न स्थानीय स्तरदेखि नै टेवा पुऱ्याउनका लागि यो रणनीति वाञ्छनीय रहन्छ ।

१.२.६. देशका साथै स्थानीय तहमा ब्याप्त समष्टीगत आर्थिक तथा विकास चुनौतीहरुका सन्दर्भमा नेपालले बेरोजगारीसँग सम्बन्धित विविध किसिमका चुनौतीहरुको सामना गर्नु परिरहेको छ । जस्तैः गुणस्तरीय रोजगारी सिर्जना, श्रम आपूर्तिमा बलियो दबाब, अनौपचारिक रोजगारको प्रभुत्व, संरचनागत रुपान्तरण र उत्पादनशील रोजगारी सिर्जनाको कमी, अपर्याप्त सीप र शैक्षिक उपलब्धि तथा श्रम बजारमा क्षेत्रीय, सामाजिक र लैंगिक भेदभाव आदि समस्या समाधानका लागि यस दस्तावेज सहयोगी बन्न सक्तछ ।

१.२.७. स्थानीय रोजगारीको बिकल्पमा बैदेशिक रोजगारीमा जानेहरुका लागि एकिकृत सेवा प्रदान गर्ने र बैदेशिक रोजगारीबाट फर्केकाहरुको सीप, अनुभव तथा दक्षता, बिशेषज्ञतालाई स्वदेशमै लगाई रोजगारी र आर्थिक बृद्धिमा टेवा पुऱ्याउनका लागि समन्वय र सहयोग गर्ने, उनीहरुलाई सामाजिक, आर्थिक तथा पारिवारिक पुनःस्थापना, सामाजिकीकरण तथा पुनःएकिकरणका लागि कार्यान्वयनमा ल्याइने नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका गर्न यो योजना मार्गदर्शक बन्ने हुन्छ ।

माथि उल्लेखित बिषय, समस्या तथा चुनौतीहरुलाई सम्बोधन गर्दै स्थानीय रोजगार रणनीतिको निर्माण गर्नुपर्ने आवश्यकता देखिएको हो । ती रोजगारीका चुनौतीहरु विभिन्न क्षेत्रबीच अन्तर-सम्बन्धित हुने भएकाले एउटा विस्तृत रणनैतिक नियोजन पद्धति आवश्यक हुन्छ । यो नीतिले विशिष्ट रोजगारीका प्राथमीकतालाई लक्षित गर्दछ र नीति निर्माणको प्रयासलाई बढी व्यापकता दिई समन्वय र सामन्जस्यपूर्ण तरिकाबाट सुधार ल्याउन प्रयत्न गर्दछ । यसले रोजगारका मुख्य उद्देश्यलाई सम्बोधन गरी नीति कार्यान्वयनमा सुधार ल्याउने, नीति-निर्माण गर्दा पालिकातहको रोजगारका उद्देश्यहरुको समायोजनलाई अभिवृद्धि गर्ने, नीतिगत सुझावहरुको कार्यान्वयनका निम्ति क्षमता अभिवृद्धि गर्ने, मर्यादित र उत्पादनमूलक रोजगार प्रबर्द्धनका निम्ति स्थानीय पालिकाको कार्यपद्धतिमा समन्वय र सामन्जस्यलाई सबल बनाउने अपेक्षा लिइएको छ ।

## १.३. योजना तर्जुमा पद्धति

क) बिद्यमान जनशक्तिको र आवश्यक जनशक्तिको पहिचान ( Assess the Current Workforce)

गाउँपालिकामा बिद्यमान जनशक्तिको विवरण द्रुत लेखाजोखा विधीबाट पहिचान तथा संकलन गरिनेछ। यसका लागि लक्षित समूह छलफल (Focus Group Discussion), स्थानीय तहका रोजगारदाता वा सम्भावित रोजगारदाता व्यवसाय, उद्योग प्रतिष्ठानको स्थलगत भ्रमण तथा सम्बन्धित सरोकारवालाहरुसंग प्रश्नावलीको प्रयोग गरि विवरण संकलन गरिनेछ । यसका लागि स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ को सर्भेक्षण फारामको प्रयोग गरिनेछ । यसबाट पालिकास्तरमा बिद्यमान

जनशक्ति, उनीहरुको सीप तथा दक्षता, अनुभव आदिको पहिचान गर्ने र वर्तमान समय र आगामी बर्षहरुमा आवश्यक पर्नसक्ने जनशक्तिको अनुमानित संख्या, आवश्यक पर्न सक्ने सीप, ज्ञान तथा दक्षताको पहिचान गरिनेछ ।

ख) योजनाको लक्ष्य, उद्धेष्य, नीति, रणनीतिको निर्धारण : (Define the organizational Vision, mission, goals & objectives)

यसका लागि गाउँकार्यपालिका, अध्यक्ष, उपाध्यक्ष, लगायतका सम्बन्धित सरोकारवाला निकायको जानकार ब्यक्तिहरु, बिद्यालयका प्रधानाध्यापक, सहकारीका प्रतिनिधी रोजगारदाताका प्रतिनिधी, बिषयगत शाखाका प्रमुखहरुको सुझावलाई संकलन गर्दै बिद्यमान कानुनी दस्तावेज, संघीय तथा प्रादेशिक तहका योजना, नीति, रणनीति, दीर्घकालीन लक्ष्य, राष्ट्रिय रोजगार नीति लगायतका श्रोत सामाग्रीहरुको अध्ययन गरी सोही सन्दर्भ सामाग्रीहरुमा सामञ्जस्यता र अन्तर्सम्बन्धित रहेर राष्ट्रिय लक्ष्य तथा उद्धेष्य पूरा गर्नका लागि पक्षपोषण हुने गरी  रणनीतिक योजनाको लक्ष्य, उद्धेष्य, नीति, रणनीतिहरुको निर्धारण गरिनेछ ।

ग) बिद्यमान जनशक्ति र आवश्यक जनशक्ति बीचको फरक पहिचान (Indentify the gap Analysis between current workforce and desire Workforce)

पालिकास्तरमा रहेको जनशक्ति र सीपको अवस्थाको जानकारी र भविष्यमा आवश्यक देखिएको जनशक्ति तथा सीपको विवरण बुंदा नं. क अनुसार प्राप्त गरी सोको अन्तर बिश्लेषण (Gap Analysis) गरिनेछ । र सोको परिपूर्तिका लागि आवश्यक रणनीति, कार्ययोजना तथा श्रोत साधनको सिफारिस गरिनेछ। तर पालिकास्तरमा उपलब्ध भएसम्मको तथ्यांकहरुको संकलन र बिश्लेषणलाई आधार बनाइनेछ ।

घ) जनशक्ति योजना (Workforce Planning) :

जनशक्ति अन्तर पहिचान पश्चात स्थानीय स्तरमा आवश्यक जनशक्तिको अल्पकालीन तथा दीर्घकालीन जनशक्ति योजनाको तर्जुमा गरि जनशक्ति प्राप्तिको योजना निर्माण गरिनेछ ।

ङ) श्रोतको अनुमान तथा प्रक्षेपण (Estimation and projection of Resources)

स्थानीय तहमा चालु आ.व. र आगामी ५ बर्षसम्म आवश्यक पर्ने जनशक्ति विकास, स्वरोजगारी/रोजगारी सृजना, श्रम बजारको ब्यवस्थापन लगायतका क्षेत्रमा आवश्यक पर्ने श्रोत र साधनको प्रक्षेपण सहितको रणनीति तर्जुमा गरिनेछ ।

च) कार्यान्वयन, अनुगमन, मूल्यांकन संरचना निर्माण (Prepare the institutional Structure for implementation, monitoring and evaluation)

योजनाको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा निर्भर गर्ने हुँदा यसको लक्ष्य र उद्धेष्य प्राप्ति र कार्ययोजना अनुसारको कृयाकलाप सञ्चालन गरिनु तथा सञ्चालित गतिविधीको नियमित अनुगमन र समय समयमा आवधिक समीक्षा मूल्यांकन एवं तथा देखिएका कमी

कमजोरीहरुलाई सुधार गरि पुनः कार्यान्वयनमा ल्याउनका लागि एक संस्थागत संरचनाको निर्माण गरि काम, कर्तब्य र अधिकारको स्पष्ट ब्यवस्था गरिनेछ ।

छ) योजना कार्यान्वयन कार्ययोजना निर्माण (Prepare Implimentation workplan)

योजनाको तर्कबद्ध खाका तयारी पश्चात श्रोत र साधनको सिमितता र कार्यक्रमको आवश्यकताको आधारमा बार्षिक कार्ययोजनाको निर्माण गरी सोही अनुसारको श्रोत र साधनको ब्यवस्थापन गर्नुपर्ने हुन्छ ।

ज) योजना समीक्षा तथा परिमार्जन : (Review and revise the strategic Plan)

योजनाको प्रभावकारी उपलब्धि हासिल गर्नका लागि समीक्षा तथा देखिएका कमी कमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने हुन्छ । जनअपेक्षा अनुसारको लक्ष्य र कृयाकलापहरुलाई सम्बोधन र समायोजन गरी समयानुकुल परिमार्जन, सुधार गर्नुपर्ने देखिन्छ । आर्थिक वातावरण तथा प्रविधीले ल्याएको परिवर्तनलाई पछ्याउदै आर्थिक विकासका नयाँ नयाँ चुनौतिहरुको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन गाउँपालिकालाई सक्षम गराउनका लागि सुधार र परिमार्जनको गर्नुपर्ने हुन्छ ।

उल्लेखित प्रक्रियाहरु पूरा गर्नका लागि गाउँकार्यपालिकामा रणनीतिक योजना निर्माणको परिचयात्मक कार्यशालाको आयोजना गरिनेछ ।

## १.४. अध्ययनको क्षेत्र :

लिखु गाउँपालिकाको आर्थिक विकास र रोजगारी सृजनाको लागि तयार गरिएको यस रणनीतिक योजनाले पालिकाको आर्थिक पक्ष, स्वरोजगारी/रोजगारीका पक्ष, शिक्षित बेरोजगारको पक्ष, तालिम तथा क्षमता विकासका पक्ष, उद्यम, ब्यवसायको पक्ष, गरिबी र रोजगारी संग अन्तर्सम्बन्धित विषय, बैदेशिक रोजगारी लाई मर्यादित र सुरक्षित गराउने पक्ष, बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको पुनःस्थापन/पुनःएकिकरणको पक्ष, ब्यवसायिक र रोजगारमैत्री वातावरणीय आदि पक्षहरुलाई समेट्नेछ । यसले पालिकालाई रोजगारीमा आत्मनिर्भर गराई श्रम बजारमा आफ्ना जनशक्तिको प्रवेश गर्नका लागि सक्षम गराउन क्षमता विकासका पक्ष, योजनाको कार्यान्वयन तथा सहजिकरणका लागि आवश्यक सुशासन तथा नेतृत्वका संरचना निर्माण, कार्यक्रमको प्रभावकारिता अभिबृद्धिका गर्न अनुगमन तथा मूल्यांकन सम्बन्धी ब्यवस्थाका पक्षमा समेत अध्ययन तथा रणनीतिक कार्ययोजना निर्माण गरिनेछ । यसले गाउँपालिकाका विकास निर्माणसंग अन्तसम्बन्धित रहने रोजगारीकोको पाटोको समेत अध्ययन तथा बिश्लेषण गरी उचित सुझावहरुको सिफारिस गर्नेछ । यसले आगामी ५ बर्षमा रोजगारीका अवसरहरुको सृजना र विकासका लागि गाउँपालिकाको श्रोत र साधनको ब्यवस्था र सो अनुसारको कार्ययोजनाको समेत बिश्लेषण गरी सिफरिसहरु पेश गर्नेछ ।

मुख्यतः यस रणनीतिक योजनाका तयारीको क्रममा प्रदेश, जिल्ला र गाउँपालिका तहसम्मका निम्न क्षेत्रहरुको अध्ययन गरिनेछ :

क) कृषि क्षेत्र

ख) उद्योग

ग) पर्यटन क्षेत्र

घ) निर्माण क्षेत्र

ङ) उत्पादन क्षेत्र

च) सूचना प्रविधी क्षेत्र

छ) शिक्षा तथा स्वास्थ्य

ज) जलश्रोत, सिंचाई तथा उर्जा क्षेत्र

## १.५. योजनाका निर्माण तथा कार्यान्वयनमा उत्पन्न हुन सक्ने सीमाहरु

यस रणनीतिक योजनाको तयारीका क्रममा सम्भावना, अनुमानको बिशेष रुपमा ख्याल गरी भविष्यमा आउन सक्ने समस्या, चुनौतीहरुलाई सम्बोधन गर्नका लागि पूर्वसावधानीलाई महत्व दिई तयार गरिनेछ। सकेसम्म यथार्थको नजिक, वस्तुनिष्ठ र रोजगारमैत्री र जनअपेक्षा अनुसारका योजना निर्माणको लागि बिशेष ध्यान दिइएतापनि यसको तर्जुमा तथा कार्यान्वयनको चरणमा समेत निम्नानुसारको सीमाहरु रहन सक्ने सम्भावनालाई नकार्न सकिदैन। ती सीमाहरु तपशिल अनुसार रहेका छन् :

१) बाह्य वातावरणको अनिश्चितता (Uncertaintity of External Factors) :

पालिकाको नियन्त्रणमा नरहने बाह्य वातावरण्को एक्काशी आउन सक्ने परिवर्तनले यसको प्रभावकारी योजना निर्माण र कार्यान्वयनमा समेत प्रभावित गर्ने गर्दछ। देशको आर्थिक अवस्थामा ठूलो परिवर्तन, प्रविधी र श्रम बजारमा आउन सक्ने उतार चढाव आदिले पनि योजना तर्जूमाको लक्ष्य र यसको कार्यान्वयनमा प्रभावकारिता तथा उपलब्धिमा कमी आउन सक्ने देखिन्छ।

२) गाउँपालिकाको प्राथमिकताको बिषयमा हुनसक्ने परिवर्तन (Changing Organizational Priorities):

गरिबी एक अन्तर्सम्बन्धित विषय (Cross Cutting Issues) हो र गरिबीको कारण तत्व खराब आर्थिक अवस्था हो। गाउँपालिकाको अन्तिम लक्ष्य गरिबी निवारण र आर्थिक समृद्धिको प्राप्ति भएता पनि गाउँपालिकाको प्राथमिकताका बिषयहरु परिवर्तन हुन सक्ने हुँदा यो रणनीति कम प्राथमिकतामा पर्न जाने देखिन्छ। जस्तै राष्ट्रिय एवं रणनीतिक ठूला महत्वाकांक्षी योजना तथा कार्यक्रम सञ्चालन गरिनुपर्ने अवस्था श्रृजना भइ अधिकांश श्रोत त्यसैमा केन्द्रित गर्नुपर्ने अवस्था आइपरेमा, चरम आर्थिक उतार चढाव, प्रकोपको तिब्र असर आदि कारण लगायतले गर्दा यस क्षेत्र कम प्राथमिकतामा पर्न सक्ने सीमा रहन्छ। वा गाउँपालिकाको राजनैतिक संरचनामा अनायास आउन सक्ने परिवर्तन,

प्रशासनिक फेरवदल आदिले यस योजना तर्जुमाको चरण र कार्यान्वयनमा सीमितता ल्याउन सक्ने हुन्छ ।

३) अनुभव र सुझावहरुमा सत्यता र यथार्थताको कमीको सम्भावना (Deviation of reality of suggestion and feelings):

यो योजना तर्जुमाको शिलशिलामा अपनाइएका विधीहरुमध्ये ब्यक्तिगत प्रश्नावली, सर्भेक्षणका माध्यम, समूहगत छलफल, रोजगारदाताहरुसंको सूचना तथा सुझाव संकलन, नीति निर्माण तहका सुझावहरु, सरोकारवालाहरुसंगको सूचना संकलन, अन्तर्वार्ता आदिबाट यथार्थ सूचना तथा तथ्यांकहरु प्राप्त नहुन सक्ने सीमा रहन्छ । यसमा बिचार र अनुभवमा आधारित सूचना तथा सुझावहरु रहेकोले उनिहरुको एकाग्रता, शिक्षा र चेतनामा हुन सक्ने कमी/फरकपन, भावनात्मक पूर्वाग्रह, प्रश्नकर्ताको शैली, बुझाईमा भिन्नता आदि तत्वहरुले यस अध्ययनलाई सिमीत गर्नेछ । यसरी अनुभवजन्य सूचना तथा तथ्यांकका कारणले यसको सत्यतामा नजिक पुग्न सिमीत गर्नेछ ।

४) भविष्यको अनुमान गर्ने सम्बन्धी सीमा (Limited Forecasting Accuracy):

देशको वा गाउँपालिकाको आर्थिक अवस्थामा नीतिमा आउन सक्ने ठूला खालको परिवर्तन, कानूनी ब्यवस्थामा आउन सक्ने परिवर्तन, प्रविधीले जन्माउन सक्ने बिचलन आदिले ब्यवसायिक वातावरणमा अनायशै परिवर्तन ल्याउन सक्ने र श्रम बजारलाई पनि आमुल परिवर्तन ल्याउन सक्ने हुँदा योजना तर्जुमाको समयमा अनुमान गरिएका भन्दा फरक अवस्थाको सृजना हुँदा हालको तथ्यांक र अनुमान फरक पर्न गई योजनालाई सिमित गराउन सक्तछ ।

५) परिवर्तन प्रतिको अनिच्छा (Restivity of Changes) :

योजना तर्जुमा र कार्यान्वयनका चरणमा कार्यालयको संस्थागत परिवर्तन, कार्यप्रक्रिया, पद्धति वा संस्कार आदिमा सुधार वा परिवर्तन आदि गर्नु आवश्यक हुन्छ । त्यसप्रति कर्मचारी वा जनसमुदायमा पनि अनिच्छा वा असमझदारी उत्पन्न हुन सक्ने हुंदा यसले योजना तर्जुमाको चरण र कार्यान्वयनको चरणमा समेत प्रतिरोध आउन सक्ने देखिन्छ ।

६) अपूर्ण सूचना तथा तथ्यांकहरुको प्राप्ति (Incomplete data or informarions):

योजना तर्जुमाको शिलशिलामा तथ्यांक तथा सुचनाहरु संकलन गर्नका लागि तयार गरिएको अनुसूचीहरु, सुझाव संकलन फारामहरुबाट पूर्ण सूचना प्राप्त नहुनु, उत्तरदाताको शिक्षा र चेतनाको स्तर वा मनोभावना, आग्रह वा पूर्वाग्रहको ले फरक पार्ने हुँदा उत्कृष्ट योजना तर्जुमा पद्धतिमा सिमितता गरिदिन सक्तछ । गलत वा अपूर्ण सुचना, तथ्यांक तथा सुझावहरुले योजना तर्जुमा पद्धतिलाई गलत दिशातर्फ लाने जोखिम रहने र यसको उपलब्धिमा समेत सिमितता प्रदान गर्ने हुन्छ ।

७) श्रोत र साधनको अपर्याप्तता (Resource Constraintss) :

स्थानीय सरकारका यावत समस्या र जनआकांक्षाहरु रहनु स्वभाविक रुपमा लिइन्छ । आन्तरिक श्रोत साधनको कमी रहनु तर सम्पादन गर्नु पर्ने कार्यहरुको मात्रा बढी हुने हुँदा योजना तर्जुमाको शिलशिलामा समय, श्रोत, बिज्ञताको कमी हुन गई यसको बिशिष्टतामा कमी आउने र कार्यान्वयनको चरण समेत गम्भिर असर गर्न सक्ने देखिन्छ ।

८) श्रम बजारमा एक्काशी आउन सक्ने परिवर्तन र प्रविधीको तिब्र विकास (Unexpected Market Competition and rapid technological development):

देशको आर्थिक अवस्था तरल र अनिश्चित रहेको वर्तमान सन्दर्भमा यस योजना तयारीको क्रममा नै एक्काशी कुनै राजनितिक परिवर्तन वा सामाजिक बिश्रृंखलता, प्रविधीमा एक्काशीको विकास वा गिरावट, श्रम बजारमा आउन सक्ने अनपेक्षित उतारचढावले यो योजना निर्माणका साथै कार्यान्वयन चरणलाई समेत सिमित गरिदिन सक्तछ ।

९) श्रमको मागमा आउने सक्ने विविधता (Dynamic change of workforce required)

प्रविधीको होडवाजी र छिमेकी राष्ट्र एवं अन्य राष्ट्रहरुको अनुकरणका कारण वर्तमान समाजको उपभोगको प्रवृति, परिवर्तन, संस्कार, चालचलन आदिमा आउने परिवर्तन आदिले उपभोक्ताको मागमा आउने परिवर्तनले उत्पादनमा समेत परिवर्तन आउन सक्ने र श्रमिकको माग एवं आपूर्तिमा समेत परिवर्तन आउन सक्ने, उनीहरुको सीप र दक्षताको स्तरमा समेत परिवर्तन ल्याउन सक्ने देखिन्छ । यसले श्रमिकको आपुर्ति र उनिहरुको प्रकृतिमा, आवश्यक पर्ने सीप, दक्षता, बिज्ञतामा समेत फरबदल हुने हुँदा यस प्रकारको अनुमान लगाउँन कठिन हुन जान्छ र यस योजना र योजनाको कार्यान्वयनमा समेत सिमितता ल्याउने हुन्छ ।

१०) आधार तथ्यांकको अभाव : (Lack of base year Data) :

पहिलो पटक तर्जुमा गर्न लागिएको यस प्रकारको योजनाको लागि वडा तहसम्मको तथ्यांकको जरुरत पर्ने हुन्छ । तर गाउँपालिकातहमा वडा तहको आर्थिक सर्भेक्षण नहुनु र केन्द्रिय तहमा राष्ट्रिय तथ्यांक कार्यालयले पनि वडा तहको तथ्यांक प्रकाशित नगरेको हुनाले तथ्यांकको अभाव रहेको छ । हाल नमूना सर्वेक्षण विधीको प्रयागले तथ्यांकको नतिजा शतप्रतिशत यथार्थ हुन सक्तैन । आधार बर्षको तथ्यांक प्राप्त गर्नका लागि निकै कठिन देखिएकाले यसबाट प्राप्त नतिजा सत्यताको नजिक मात्र हुन सक्ने हुन्छ ।

माथि उल्लेखित सीमाहरुलाई योजना तर्जुमाको क्रममा उच्चतम सतर्कताका साथ बिचार गरिनेछ र कार्यान्वयनका सन्दर्भमा पनि सम्बन्धित पक्षले यसलाई ख्याल गरि कार्यान्वयमा लान सकेमा यसको प्रभावकारिता तथा उपलब्धिलाई उच्चतम प्राप्ति गर्न सकिन्छ ।

# खण्ड २

## वर्तमान अवस्थाको बिश्लेषण (Current Situation Analysis)

### १.१. श्रम बजार र श्रमिकको अवस्था

केन्द्रीय तथ्यांक विभागले नेपाल पछिल्लो पटक श्रमशक्ति सर्वेक्षण, २०१७/१८ सम्पन्न गरेको थियो । सो सर्वेक्षणका अनुसार नेपाली श्रमबजारका प्रमुख सुचकहरू (पुरुष महिला अनुसार) श्रमशक्ति सहभागिता दर पुरुषको ५३.८% रहेको सर्वेक्षणले देखाउछ भने महिलाको २६.३% गरी जम्मा ३८.५ % रहेको देखिन्छ । यसको अर्थ प्रत्येक बर्ष श्रम गर्न योग्य जनसंख्यामध्ये ३८.५% श्रम बजारमा आउँछन् । त्यस्तै रोजगार-जनसंख्या अनुपातलाई हेर्दा पुरुष ४८.३%, महिला २२.९% र जम्मा ३४.२% रहेको हामी पाउछौं । त्यस्तै बेरोजगारी दर पुरुषको १०.३% महिला १३.१ %, र जम्मा ११.४% रहेको सर्वेक्षणले देखाएको छ । यो सर्वेक्षणको अध्ययनबाट के देखिन्छ भने रोजगारीको उपलब्धतामा समेत लैंगिक विभेद रहेको छ । हाल कुल जनसंख्याको ५१% महिला छन् भने उनीहरूको श्रमशक्ति सहभागिता दर केबल २६.३% मात्र छ । जनसंख्याका अनुपातमा महिलाको रोजगारी दर २२.९% मात्र छ, जुन पुरुषका तुलनामा २५.४% ले कम छ । त्यसैगरी कुल बेरोजगारी दर ११.४% देखाएकोमा महिलाको बेरोजगारी दर १३.१% छ भने पुरुषको १०.३% मात्र देखाएको छ । यसले रोजगारीमा महिलाको संलग्नता अझै कमजोर रहेको देखाउँछ ।

प्रदेश अनुसारको श्रमबजारका प्रमुख सुचकहरूलाई हेर्दा बागमती प्रदेशको श्रमबजारमा सबैभन्दा बढी सहभागिता दर देखिन्छ । बागमती प्रदेशको सहभागिता ४७.१% छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२७.३%) रहेको छ । त्यसैगरी जनसंख्याको अनुपातमा रोजगारी दर पनि सबैभन्दा बढी बागमती प्रदेशमा (४३.८%) छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा (२४.१%) रहेको छ । बेरोजगारी दर सबैभन्दा बढी मधेश प्रदेशमा (२०.१%) रहेको छ जुन राष्ट्रिय औषतभन्दा दोब्बर देखिन्छ भने सबैभन्दा कम बेरोजगारी दर बागमती प्रदेशमा (७.०%) रहेको छ ।

वैदेशिक रोजगारका मुख्य गन्तब्य मुलुकको सन्दर्भमा नेपालमा वैदेशिक रोजगार मुख्य रुपमा खाडी समन्वय परिषद (GCC) राष्ट्रहरू र मलेशियामा केन्द्रित रहेको छ । सन् २०१७/१८ मा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत गरी पाँच राष्ट्रले नेपालको कुल श्रम आप्रवासनको ९२% हिस्सा ओगटेकोमा सन् २०१८/१९ को पछिल्लो सर्वेक्षणमा आउँदा मलेशिया, कतार, युएइ, साउदी अरब र कुवेत ८८% ओगटेको देखिन्छ । यसबाट नेपालको लागि ती श्रम वजारहरूको महत्व, श्रम वजारमा रहेको न्युन विविधता र नेपालको वैदेशिक रोजगार ती गन्तब्य मुलुकहरूको अर्थतन्त्रमा आउन सक्ने जोखिमबाट पूर्णतः प्रभावित छ भन्ने कुरा छर्लङ्ग हुन्छ ।

त्यस्तै पछिल्लो नेपाल श्रम आप्रवासन प्रतिवेदन २०२०, (श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय) का अनुसार आ.व.२०७५/०७६ मा नेपालको श्रम आप्रवासनका प्रमुख ५ गन्तब्य देशहरूमा केही परिवर्तन आई कतार, युएइ, साउदी अरब, कुबेत र मलेशिया रहेका छन् । ती गन्तब्य मुलुकहरुमा जाने श्रम आप्रवासीहरूको पेशागत वर्गीकरण (महिला र पुरुषको आधारमा) प्रमुख ५ पेशालाई बिश्लेषण गर्दा सामान्य वा प्राथमिक सेवामा उच्च (५५ प्रतिशत) पुरुष तथा

५३ प्रतिशत महिला श्रमिकहरूहरुको संलग्न देखिन्छन् । दाश्रो सेवा र बिक्रीमा १६.२ % पुरुष र ३६.३% महिला श्रमिक खपत भएको, तेश्रोमा निर्माण पेशामा केवल पुरुष मात्र १०.२% जाने गरेका छन् । चौंथो पेशामा सवारी चालक तथा मेशिन अपरेटर रहेको छ । यस पेशामा ७.६% पुरुष र १.३ % महिला रहेको छन् । पाँचौमा इलेक्ट्रिसियन र मेकानिकल टेक्निसियन पेशामा आकर्षण रहेको देखिन्छ ।

महिला श्रमिकहरू विशेषगरी सरसफाई, आतिथ्य, हेरचाह तथा स्याहारसुसार जस्ता क्षेत्रहरूमा केन्द्रित भएको पाइयो । यसबाट महिलाको तुलनामा पुरुषको पेशामा बढी विविधता रहेको देखिन्छ । व्यवसायिक तथा व्यवस्थापकीय पेशामा वैदेशिक रोजगारमा जाने महिला र पुरुष दुवैको संख्या न्यून रहेको छ । युएइमा सामान्य पेशा मुख्यतः सरसफाई, कतारमा सामान्य पेशा, निर्माण र सवारी चालक र मलेशियामा उत्पादनमुलक क्षेत्र, सेवा र बिक्रि मुख्यतः सुरक्षा गार्ड, जस्ता क्षेत्रमा नेपाली श्रमिकहरू बढी आकर्षित भएका पाइएको छ ।

राष्ट्रिय कृषि गणना २०७८ को नतिजा अनुसार यस गाऊँपालिकामा ३९४५ कृषक परिवारको रुपमा सूचीकृत भएका थिए । ती कृषक परिवारले भोगचलन गरेको जग्गा ८७७३ कित्तामा बिभक्त भई कूल १६३९.५ हेक्टर रहेको छ । सोमध्ये खेतीयोग्य जग्गा १३३४.६ हेक्टर छ जसमा ३९३२ परिवारले खेतीपाती गरिहेका छन् । केवल हेक्टर मात्र स्थायी चौचरण, नीजि बनबनेलो, पोखरी तथा अन्य जग्गाहरु रहेको छ । यस क्षेत्रफल मध्ये सिंचित क्षेत्र भने केवल १०६०.२ हेक्टर रहेको छ । आफ्नै परिवारको एकाधिकार स्वामित्वको जग्गामात्र कमाएका ३४३० परिवार र क्षेत्रफल १३३२.३ हेक्टर, अरुको हकको जग्गा कमाउने परिवार ४९ र क्षेत्रफल २७.५ हेक्टर रहेको छ । पालिकाभर पशुचौपाया पाल्ने कृषक संख्या ३०९९ रहेको देखिन्छन् ।

वागमती प्रदेशको नुवाकोट  जिल्लाको लगभग केन्द्रस्थानमा रहेको यस लिुख गाउँपालिका क्षेत्रफलको हिसाबले जिल्लाकै सबैभन्दा सानो पालिका हो । यसको क्षेत्रफल ४७.८८ बर्ग कि.मी.रहेको छ । लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि राज्य पुनःसंरचनाको क्रममा साविक खानीगाऊँ (१५.४७ ब.कि.मी.) र सूर्यमती गाउँविकास समितिको (१०.८२ ब.कि.मी.) सबै वडाहरु, चौघडा गाउँविकास समितिका (६.६४ ब.कि.मी.) वडा नं. १, २, ५, ६, ७ र ८ तथा साविक थानसिं गाउँविकास समितिको (५.२४ ब.कि.मी.) वडा नं. १, २, ३, ४, ५, ६ र ७ र थानपति गाउँविकास समितिको (९.७२ कि.मी.) वडा नं. ५ लाई समेटेर पुनर्सरचना गरिएको यस लिखु गाउँपालिकालाई ६ वटा वडामा बिभाजन गरिएको छ । यस गाउँपालिकाको केन्द्र साबिक सुर्यमती गा.वि.स.को वडा नं. १ हाल लिखु गाउँपालिका वडा नं. ४ डुँडेमा अवस्थित छ । पूर्वमा पञ्चकन्या र शिवपुरी गाउँपालिका, पश्चिम विदुर नगरपालिका र बेलकोट नगरपालिका, उत्तर विदुर नगरपालिका र सूर्यगढी गाउँपालिका, दक्षिण बेलकोट नगरपालिका र ककनी गाउँपालिकाको चार दिशाको सिमाना भित्र रहेको यस पालिका कृषि उत्पादनको हिसावले जिल्लाकै उत्कृष्ट भूमीको रुपमा रहेको छ । भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक रुपमा निकै सम्भावना बोकेको यस पालिका प्राकृतिक श्रोत, साधन र पर्यटनका दृष्टिले पनि निकै राम्रो रहेकोले पनि यस क्षेत्रको गरिबी र मानव विकास सूचकांकको अवस्था राम्रो देखिन्छ ।

यस पालिका २७°५१'३" देखि २७°५६'२.७" उत्तरी अक्षंस सम्म र ८५°१०'१४.३८" देखि ८५°१७'१६.१६" पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ भने यस गाउँपालिकाको समुन्द्र सतहदेखि उच्च बिन्दु १०६० मी देखि न्यूनतम विन्दु ५१७ मी. सम्म रहेकोले वातावरणीय दृष्टिकोणले विविधता रहेको क्षेत्र हो । गाउँपालिकाको सिमान हुदै बिचसम्म आइपुग्ने तादी तथा बिचबाट बग्ने लिखु नदी तथा समथर र उर्बर फाँटको कारणले यस पालिका जिल्लाकै अन्नको भण्डारको रुपमा चिनिन्छ । पुरुष र महिला जनसंख्याको अनुपात ९३.९४ रहेको गाउँपालिकाको जनघनत्व ३७० जना प्रतिवर्ग कि.मी.रहेको छ ।

## २.२. गाउँपालिकाको आर्थिक तथा रोजगारीको अवस्था

बि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार कूल घरधुरी ४५८२ रहेको लिखु गाउपालिकाको कूल जनसंख्या १७७२८ जना रहेको छ । जसमध्ये पुरुष ८५८७ जना अर्थात ४८.४ प्रतिशत महिलाको जनसंख्या ९१४१ जना अर्थात ५१.६ प्रतिशत रहेको छ । जनघनत्वको हिसावले ३७० जना प्रति वर्ग कि.मी.रहेको यस पालिकामा प्रति परिवार ३.८७ जनसंख्या रहेको छ । नुवाकोट जिल्लाको कूल घरधुरीको ६.६७ प्रतिशत घरधुरी र जिल्लाको जनसंख्याको ६.७३ प्रतिशत हिस्सा रहेको यस गाउँपालिकामा आर्थिक रुपले सक्रिय रहेका १५ देखि ४९ बर्षको उमेरका पुरुष ४३५१ जना र महिला ४८६४ जना रहेका छन् । पालिकाको शिक्षाको अवस्थालाई बिश्लेषण गर्दा पुरुष साक्षरता दर ७९.२ प्रतिशत र महिला साक्षरताको दर भने ६२.७ प्रतिशत मात्र रहेको छ । त्यस्तै प्रति घरधुरी सरदर ४ जना रहेको लिखु गाउँपालिकाको राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार काम गर्न सक्ने १० बर्ष वा सो भन्दा माथिका उमेर समूहको कूल ११५८५ जना जनसंख्याको विगत १२ महिनाको आर्थिक कृयाकलापमा संलग्नताको अवस्थालाई बिष्लेषण गर्दा सैनिक बलमा ४३ जना, ब्यवस्थापकीय भूमिकामा ३९९ जना, अन्य ब्यवसायिक कार्यमा २८४ जना, प्राविधिक ८५ जना, कार्यालयमा ८२ जना, सेवा तथा ब्यपारमा २७० जना, कृषि, मत्स्यपालन, वनजन्य ब्यवसाय तथा ८४६३ जना र अन्य विभिन्न पेशामा गरी कूल १९५६ जना संलग्न रहेका छन् । कूल सक्रिय संख्याको ८२५१ वा ७१ प्रतिशतले ६ महिना वा सोभन्दा बढी आर्थिक रुपमा सक्रिय रहने गरेको पाइन्छ । साथै सोही तथ्यांक अनुसार १० बर्ष वा सो भन्दाका कूल जनसंख्या मध्ये ९०५१ जना अर्थात ७८ प्रतिशत कृषि, मत्स्य एवं वनजन्य उद्योगमा संलग्न रहेका देखिन्छन् । त्यस्तै थोक तथा खुद्रा, ब्यापार सवारी साधन मर्मत, सम्भारमा ७५१ जना सलग्न रहेका छन् । आ.व २०८०/०८१ मा गाउँपालिकामा सूचिकृत भएका बेरोजगारहरुको संख्या महिला ३९१ जना तथा पुरुष २१६ जना रहेका छन् । त्यस्तै गाउँपालिकाबाट बैदशिक रोजगारीमा गई पुनः स्वदेश फर्की आफ्नै गाउँपालिकामा बसेकोहरुको संख्या ६८७ जना भएता पनि बैदशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुमध्ये गाउँपालिकामा सूचिकृत भएकाको संख्या २६० जना मात्र रहेका छन् । ती फर्कने युवाहरु १३ प्रतिशतले कुनै न कुनै सीप सिकेर फर्केका देखिन्छन् । लिखु गाउँपालिकामा कूल १२२२ घरधुरीका युवायवतीहरु बैदैशिक रोजगारी गएको भएता पनि हाल ७६६ जना युवाहरु भने अझै बैदशिक रोजगारीमा कार्यरत नै रहेका छन् । (श्रोतः लिखु गाउँपालिकाको बैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र, २०७९) । अधिक रुपमा २५ प्रतिशत युवाहरुको मलेशिया र खाडी

मुलुक नै युवाहरुको गन्तब्य मुलुक रहने गरेको र ती क्षेत्रमा जाँने युवाहरु मध्ये कुनै पनि सीप नसिकी जानेको संख्या अत्याधिक रहेको छ । गाउँपालिकामा बार्षिक २० करोड ४० लाख ६४ हजारको हाराहारीमा भित्रने गरेको उक्त पार्श्वचित्रको तथ्यांकले देखाउदछ । रोजगारी सृजनाका लागि गाउँपालिकाले अपांगता भएकाहरुका लागि गुडिया बनाउने तालिम, महिलाहरुका लागि सिलाई, कटाइ तालिम, कृष्टलका माला, पाते, चुरा बनाउने तालिम, ढाका बुनाई तालिम, सिन्के धुप बनाउने तालिम, बाख्रा पालन तथा बेसार खेती तालिम र ब्यवसाय विकास तथा बित्तीय साक्षरता तालिम लगायतका केही तालिमहरु प्रदान गरेको देखिन्छ । पालिकामा हालसम्म कूल ६३३ वटा ब्यवसायहरु दर्ता भएको छ । गाउँपालिकामा हालसम्म २९ वटा विविध प्रकृतिका सहकारीहरु दर्ता भई सञ्चालनमा रहेको छ ।

## २.३. गाउँपालिको सामाजिक अवस्था

१ वटा क्याम्पस, ४ मा.वि. सहित १७ वटा सामुदायिक बिद्यालय रहेको यस गाउँपालिकाको कूल साक्षरता ७०.७ प्रतिशत (महिला ६२.७ प्रतिशत र पुरुष ७९.२ प्रतिशत) रहेको यस गाउँपालिकाको ५ बर्ष उमेर पुगेका बिद्यालय जाने उमेर समूहका कूल १६५०४ जना जनसंख्या मध्ये ११८१७ जना पढेन र लेख्न सक्ने, २८ जना पढ्न मात्र सक्ने ४६५९ जना पढ्न र लेख्न नसक्ने जनसंख्या रहेका छन् । शैक्षिकस्तर खुलेको मध्ये १४६४ जना प्रविणता प्रमाण पत्र वा १०+२ उतीर्ण, ३८४ जना स्नातक तह वा सो सरह र १६७ जना स्नातकोत्तर वा सो भन्दा माथिल्लो तह उतीर्ण गरेका छन् । ५ बर्ष देखि २५ बर्ष उमेर समूहका महिला र पुरुष गरी जम्मा ४७८७ जनामध्ये ३४७६ जना औपचारिक वा अनौपचारिक वा स्वाध्यायनमा संलग्न रहेका छन् भने ११८७ जना भने कहिल्यै पनि अध्ययनमा संलग्न नभएको देखिन्छ । गाउँपालिकामा कूल १२९ जना जनसंख्या यसअघि बिदेशी मुलुकमा बसोवास गरेका देखिन्छ । जसमध्ये भारत र मध्यपूर्व मा मात्र ३७/३७ जना र एशियन मुलुकमा ४५ जना बसोवास गरेका राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले जनाउँदछ ।

## २.४. गाउँपालिकाको पूर्वाधारको अवस्था

गाउँपालिकाको पूर्वाधारको अवस्था हेर्दा मध्यम अवस्थामा रहेको छ । सबै वडा कार्यालयहरु सडक सञ्जालले जोडिएको छ । हालसम्म १२४.६९ कि.मी. कच्चि सडक निर्माण भइसकेको छन् भने स्तरोन्नति तथा ग्राभेल र ढलान भएका सडकहरु ३६.९३ कि.मी. रहेको छ । गाउँपालिका आफैले कालोपत्र गरिएका सडकहरु ५.६३ कि.मी.रहेको छ । ४ वटा वडामा स्वास्थ्य चौकीको आफ्नै भवन रहेको छ भने २ वटा वडामा सामसदायिक स्वास्थ्य इकाइ भवन रहेको छ । यस पालिकामा ४ वटा मा.वि.का सुविधा सम्पन्न भवनहरु रहेका छन् । पालिकामा १ वटा कोभिड आइसोलेशन वार्ड, १ वटा सामुदायिक आँखा केन्द्र स्थापना भएका छन् । सबै वडा कार्यालयहरुका आफ्नै भवन रहेको छ ।

## २.५. गाउँपालिकाको कानुनी अवस्था

गाउँपालिकाले हालसम्म २ वटा ऐनहरु निर्माण गरी कार्यान्वयनमा रहेको छ भने अन्य ४ वटा नियमावली, निर्देशिका, कार्यविधी र मापदण्डहरु तयार गरी लागु गरिरहेको छ। रोजगारी सृजना तथा सहजिकरणका लागि ब्यवसाय दर्ता सम्बन्धी कार्यविधी २०७५ तयार गरी लागु गरिएको छ ।

# खण्ड ३

## रणनीतिक योजनाको आवधिक समीक्षा :

आ.व. २०८०/०८१ देखि २०८४/०८५ सम्म कार्यान्वयनका लागि तर्जुमा गरिएको यस यस योजनाको आवधिक समीक्षा तथा अद्यावधिक गर्नु आवश्यक छ । प्रत्येक आर्थिक बर्षको चौमाशिक अवधिमा प्रत्येक विषयगत शाखा मार्फत यस रणनीतिक योजनाको लक्ष्य तथा रणनीति एवं तर्जुमा गरिएको कृयाकलापहरुलाई निदिष्ट नमूना फाराम अनुसार प्रगति प्रतिबेदन पेश गर्ने र अन्य कार्यक्रमको समीक्षा संगै यस कार्यक्रमको पनि आवधिक आन्तरिक समीक्षा र अन्त्यमा बार्षिक समीक्षा गरिनु आवश्यक छ । समीक्षाबाट लक्षित कार्ययोजनाका कृयाकलापहरुको सम्पादनको स्तर, त्यसमा आइपरेका समस्या र गरिएका समाधानको उपायहरु, कार्ययोजनामा गर्नुपर्ने सुधारका लागि पृष्ठपोषण र योजनाको मध्यावधि संशोधन एवं परिमार्जन आवश्यक हुन्छ ।

आ.व.२०८०/०८१ को यस अवधिसम्ममा यस रणनीतिक योजनामा लक्षित २० वटा कृयाकलापहरु सम्पन्न गर्ने लक्ष राखिएका थिए । गत आ.व.मा अधिकांश पूर्वाधार र संरचनात्मक तयारीका कृयाकलापको लक्ष राखिएको थियो । योजना कार्यान्वयनको शुरुवाती बर्ष, शाखागत योजना यस योजनाको समायोज, तालमेल र मूलप्रवाहिकरण हुन नसक्दा गत आ.व. र चालु आ.व.को यस अवधिमा अपेक्षित प्रगति हासिल हुन सकेको देखिदैन । तथापी लक्षित कृयाकलापहरुमा करिब १३ वटा कृयाकलाप शुरु वा सम्पन्न भएको पाईएको छ । विभिन्न बिषयगत शाखाबाट सम्पादित कृयाकलापहरुले यस रणनीतिक योजनाको लक्ष्य प्राप्तिका लागि योगदान गरिरहेको छ । यद्यपी कार्यालयका विभिन्न शाखाहरुबाट यी लक्ष प्राप्तिका योजनाहरु पूरा गरेको भएतापनि एकिकृत सूचना प्रणालीको विकास भइनसकेकोले यसको एकिकृत प्रगतिको अवस्थाको विषयमा जानकारी हुन नसकेको देखिन्छ । तसर्थ यसका लागि छुट्टै प्रगति विवरणको ढाँचा तयार गरी शाखागत रुपमा सोही ढाँचा अनुसार प्रगति विवरण संकलन गरिनुपर्ने देखिएको छ । तसर्थ यस योजनाको अनुसूचीमा त्यस प्रगति विवरण फारामको ढाँचा प्रस्तुत गरिएको छ ।

कार्यालयमा सेवा प्रदा नगरिहेका विभिन्न शाखाहबाट बार्षिक रुपमा कतिजनाले स्वरोजगरी

सृजना गरे वा कतिजनालाई रोजगारी सृजनाको अवसर प्राप्त भयो भन्ने सर्न्दभमा सूचना संयन्त्रको विकास भइनसकेको देखियो । तसर्थ यस आव.को अन्त्यमा तयार गरिने प्रगति प्रतिवेदनको ढाँचामा यस विषयलाई पनि समाबेश गरि एकिकृत सूचना प्रणालीको विकास गरिनुपर्ने देखिन्छ । योजना कार्यान्वयनका हालसम्मको अवधिमा प्रगति प्रतिवदन प्राप्त भएका शाखाहरुबाट सृजना भएको रोजगारी र स्वरोजगारीको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

आ. व. २०८० चैत महिना देखि २०८१ चैत महिना सम्मको रोजगारीको अवस्था

| **विषयगत शाखाको नाम** | **कृयाकलापको विवरण** | **प्रत्यक्ष रोजगारीको संख्या** | **अप्रत्यक्ष रोजगारीको संख्या** | **जम्मा रोजगारीको संख्या** |
|---|---|---|---|---|
| सामाजिक विकास शाखा | खोष्टाको सजावट सामाग्री बनाउने तालिम | १२ | २० | ३२ |
| | डल बनाउने तालिम | १२ | २५ | ३७ |
| उद्योग शाखा | विभिन्न सीपमुलक तथा र रोजगारमुलक तालिमहरू | १० | १६ | २६ |
| रोजगार सेवा केन्द्र | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७८ | | ७८ |
| | खोष्टाको मुडा तथा चकटी बनाउने तालिम | १५ | ३० | ४५ |
| कृषि विकास शाखा | कृषि चुन वितरण कार्यक्रम | | ६० | ६० |
| कृषि विकास शाखा | तरकारी बिउबिजन वितरण कार्यक्रम | १६० | ३० | १९० |
| कृषि विकास शाखा | बिषादी वितरण कार्यक्रम | | ६० | ६० |
| **जम्मा** | | ५२८ | २४१ | |

(श्रोतः लिखु गाउपालिकाका विभिन्न शाखाहरु)

प्रस्तुत तालिका अनुसार योजनाको यस अवधिमा कूल ५२८ जनाले प्रत्यक्ष रुपमा स्वरोजगारीका प्राप्त गर्न सक्ने अवस्था रहेको देखाउदछ । सीप प्रदान गर्दैमा स्वरोजगार भएको मान्नु भने गलत हुन जाने हुँदा सम्भावित स्वरोगरीको अवसर प्रदान गरिएको हो भन्न सकिन्छ । रोजगारी सृजनाको अवस्था हेर्दा गत आ.व.मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेश

गरिएको प्रतिवेदनको आधारमा पनि १७६ जनालाई रोजगारमुलक तालिम प्रदान गरिएकोमा ९८ जना तालिम प्राप्त गरी रोजगारीमा संलग्न भएका थिए भने उद्यमशीलता, स्वरोजगारीमा आवद्ध व्यक्तिको संख्या १५८ जना रहेको देखिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामको लागि पारिश्रमिकमा आधारित कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना, गाऊपालिको आन्तरिक श्रोतबाट प्राविधिक सीप विकास तालिम कार्यक्रमहरुबाट यस प्रकारको रोजगारी तथा स्वरोजगारीको अवसर प्रदान गरिएको थियो ।

# खण्ड ४

# रणनीतिक बिश्लेषण (Strategic Analysis)

## ४.१. श्रम तथा रोजगारीको क्षेत्रमा बिद्यमान चुनौतीहरु :

नेपालको विकासको विभिन्न चुनौतीमध्ये एक प्रमुख चुनौती बेरोजगारी हो । नेपालको श्रमबजारमा अनौपचारिक आर्थिक कृयाकलापहरू बढी हुने गरेका छन् । औपचारिक क्षेत्रमा रोजगारी नपाएपछि अनौपचारिक क्षेत्रमा सहभागी हुने वा रोजगारीको खोजीमा विदेश पलायन हुने क्रम तीव्र भएको छ । अनौपचारिक क्षेत्रमा बढी जनसंख्या संलग्न हुनुको अर्थ समग्र आर्थिक उत्पादकत्व पनि अनौपचारिक प्रणालीमा आश्रित रहेको देखिन्छ । आर्थिक क्षेत्रको गतिविधी स्थायी रुपमा सञ्चालन नहुनु पनि यसको कारण हो । यस प्रकारको राष्ट्रिय परिवेश स्थानीय तहसम्म समरुपमा देखिन्छन् । लिखु गाउँपालिको समस्या पनि एकै प्रकृतिको रहेको छ । देशको मुख्य केन्द्र काठमाण्डौको नजिकै रहनुले पनि अनौपचारिक क्षेत्रमा रोजगारीको प्रतिशत बढी रहेको देखिन्छ ।

दिन प्रतिदिन शिक्षित जनशक्ति बढ्दो दरमा उत्पादन भइ श्रम बजारमा थपिइरहेका छन् । तीनीहरुको ब्यवस्थापन गर्नका लागि राज्य सरकारले विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालनमा ल्याइराखेको पनि छ । समयानुकुल कानुनी ब्यवस्था तथा सीप तथा क्षमता विकासका कार्यक्रमहरु लागु गर्दै नयाँ उद्यमहरुको विकासमा ध्यान दिँदै गइरहेको देखिन्छ । तैपनि हालसम्म सञ्चालन भएका कार्यक्रमहरु तथा विभिन्न नीतिगत प्रयासहरुका बाबजुद रोजगारका संख्यात्मक र गुणात्मक चुनौतीहरु अद्यापि कायम छन् र यो अवस्थाले नेपालको श्रम बजारमा राम्रो रोजगारको कमी रहेको प्रतिविम्बित गर्दछ । स्थानीयस्तरमा एकातिर मानव शक्ति बेरोजगार रहनु अर्कोतर्फ श्रमबजारमा आवश्यक दक्ष र सीपयुक्त जनशक्तिको आपूर्ति गर्न नसकिनुले हाम्रो नीतिगत कमजोरी वा कार्यक्रमगत कमजोरी भएको वा समाञ्जस्यता कायम गर्न नसकेको स्पष्ट हुन्छ ।

स्थानीयस्तरमा श्रमबजार तथा रोजगारी प्रबर्द्धनको क्षेत्रमा रहेको मुख्य समस्या तथा चुनौतीहरु निम्न अनुसार रहेको छन् :

(क) रोजगारी सृजनाको लागि लगानीयोग्य पूँजीको अभाव

(ख) श्रम तथा रोजगारमैत्री नीति तथा कानुनको अभाव

(ग) औद्योगिक पूर्वाधारको अभाव

(घ) लगानीमैत्री नीति तथा कानुन र परिवेशको अभाव

(ङ) उत्पादनशील रोजगारको कमी (न्यून उत्पादकत्व, न्यून ज्याला र कमजोर कार्य अवस्था),

(च) अपर्याप्त संस्थागत संरचनागत

(छ) शिक्षाको कमजोर स्तर तथा अपर्याप्त सीप विकास, ब्यवसायिक शिक्षा र ज्ञानको अभाव

(ज) अन्तरसरकारी तथा सरकारी, नीजि तथा गैरसरकारी निकाय बीच समन्वयको अभाव

(झ) श्रम बजार सूचना प्रणाली र श्रम प्रशासनको अभाव,

(ञ) राजनितिक अस्थिरताको तथा राजनितिक इच्छाशक्तिको अभाव

(ट) पूराना, घरेलु, कुटिर उद्योगको प्रधानता

## ४.२. रणनीतिको दीर्घकालीन सोंच :

"गुणस्तरीय रोजगारी, उत्पादनशील अर्थतन्त्र, उद्यमी युवाश्रमको सम्मान,

दिगो आर्थिक समृद्धि, गरिबी न्यूनीकरण लिखुको पालिकाको अभियान"

यस रणनीतिक योजनाको दीर्घकालीन सोंच रहेको छ ।

## ४.३. रणनीतिका उद्धेष्यहरु :

नेपालले श्रम बजारका विविध जटिल चुनौतीहरुको सामना गरिरहेको छ । यिनै समस्या र चुनौतीहरु प्रत्यक्ष एवं परोक्ष रुपमा देशको आर्थिक, सामाजिक र राजनीतिक सन्दर्भसँग गहिरोसँग जोडिएर अन्तर्सम्बन्धित रहेका छन् । यस प्रकारको राष्ट्रिय समस्या र चुनौतीको स्वरुप स्थानीय तहसम्म समानान्तर रहको छ । यसको कारण राष्ट्रिय तथा स्थानीय सरकारको स्पष्ट Vision र Mission को अभाव, आफ्नो क्षेत्रको वस्तुस्थितिको जानकारी नहुनु, अन्तरनिकाय समन्वय र साझेदारीको संस्कारको अभाव, स्पष्ट र प्रभावकारी योजना तथा नीतिको अभाव आदि रहेका छन् । पालिकाको समग्र उद्यम विकासका उद्देश्य हासिल गर्न योगदान पुऱ्याउन सक्ने प्रभावकारी योजना, कार्यक्रम र बजेट समावेश रहेका नीति/राणनीतिहरुको कार्यान्वयन नै प्रमुख आवश्यकताको रुपमा उभिएको छ । स्थानीय रोजगारीका उद्देश्यका दृष्टिबाट नीति निर्माण र कार्यान्वयनमा अझ प्रभावकारिता ल्याउन, तर्कबद्ध प्रभावकारी योजनाको तर्जूमा र सोको कार्यान्वयन क्षमतामा थप वृद्धि गर्नुपर्ने, रोजगारी वृद्धि पहलहरुको अनुगमन र मूल्याङ्कन गर्दै उक्त योजनामा आवश्यक समयानुकुल सुधार गर्नुपर्ने तथा नीति-निर्माणको उद्देश्यका रुपमा रोजगारीको प्राथमिकीकरण र समन्वयलाई सबलीकरण गर्नु यस रणनीतिको बिशिष्ट उद्धेष्यहरु हुन् । यसका अलावा यस रणनीतिक योजनाका उद्धेष्यहरु निम्नानुसार रहेका छन् :

उद्धेष्य १:

कृषिलाई ब्यावसायिक र निर्यातमुखी र उच्च मूल्यका बालीतर्फ आकर्षित गराउनका लागि आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने ।

उद्धेष्य २:

स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गर्ने ।

उद्धेष्य ३:

उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि र श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने ।

उद्धेष्य ४:

युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने ।

उद्धेष्य ५:

श्रम र रोजगारीका क्षेत्रमा देखिएका बिकृतीलाई सुधारका गर्नका लागि समन्वय, सहकार्य र कार्यान्वयन संयन्त्रको व्यवस्थापनलाई मजबुत गराउने ।

उद्धेष्य ६:

आर्थिक विकासको अवरोधक (Bottleneck) को पहिचान गर्ने र सोको समाधानको सम्भावना पहिल्याउने ।

उद्धेष्य ७:

अार्थिक विकासका नयाँ नयाँ चुनौतिहरुको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन युवाहरु र गाउँपालिकालाई सक्षम गराउने ।

उद्धेष्य ८:

सुशासन, समन्वय र सहकार्य संस्कृति विकास गर्ने ।

उद्धेष्य ९:

रोजगारीको हक तथा श्रमको सम्मानको कानुनी व्यवस्थालाई स्थानीय तहबाट नै संस्थागत गर्ने ।

उद्धेष्य १०:

आप्रवासी र प्रवासी कामदारलाई प्रदान गरिने सेवा र रिटर्नीहरुको परिचालनलाई उचित व्यवस्थापन गर्ने ।

## ४.४. रणनीति तथा कार्यनीतिहरुः

### रणनीति १:

**कृषिलाई ब्यावसायिक, निर्यातमुखी र उच्च मूल्यका बालीतर्फ आकर्षित गराउनका लागि आवश्यक नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याउने संग सम्बन्धित ।**

कार्यनीति १.१. कृषि उद्यमलाई प्रोत्साहन गर्न, उत्पादकत्व बृद्धि गर्न र उच्च मूल्यका बालीको प्रोत्साहन गरिनेछ ।

कार्यनीति १.२. ग्रामीण भेगमा बर्षौदेखि बाँझिएर रहेको कृषि योग्य भूमिलाई सामुहिक रुपमा चक्लाबन्दी गरी सामुहिक वा सहकारी खेती प्रणाली अपनाउने प्रोत्साहित गरिनेछ ।

कार्यनीति १.३. कृषि उपजको उत्पादकत्व बृद्धि, नविनता र उत्पादनदेखि बजारिकरणका सम्पूर्ण तहका मूल्य श्रृंखला (Value Chain) पार गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।

कार्यनीति १.४. ब्यावसायिक पशुपन्छी पालनलाई प्रोत्साहन गरिनेछ ।

**रणनीति २:**

**स्थानीय तहमा रोजगारमैत्री नीति तथा कार्यक्रम तर्जुमा गरी रोजगारीका क्षेत्र र अवसरहरु पहिचान गर्ने संग सम्बन्धित :**

कार्यनीति २.१. स्थानीय माग र आवश्यकताका आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा बजेट निर्माण र कार्यान्वयन गरिनेछ ।

कार्यनीति २.२. स्थानीय रोजगारीको श्रृजनाको लागि ब्यावसायिक वातावरणको निर्माणका गर्न स्थानीय आवश्यकता र प्राथमिकता बीच तालमेल कायम गर्दै श्रोतको प्रवाहलाई ब्यवस्थित गरिनेछ ।

कार्यनीति २.३. स्थानीय विकास निर्माणका कार्यहरुमा आन्तरिक र सम्बन्धित वडामा सुचीकृत कामदारको प्रयोगमा जोड दिइनेछ ।

कार्यनीति २.४. मझौला तथा ठूला उद्योगमा लगानी गर्न चाहने स्वदेशी, विदेशी नागरिकहरुलाई आकर्षण गरिनेछ ।

कार्यनीति २.५. शीप विकास, उद्यमशीलता र रोजगारीको तथ्यांक संकलन तथा बिश्लेषण गरी रोजगारीको अवसरको पहिचान गरिनेछ ।

कार्यनीति २.६. स्थानीय तहमा दक्ष, प्रतिस्पिर्धी र उद्यमशील मानवीय श्रोतको उत्पादनका लागि तालिम तथा क्षमता विकास गरिनेछ ।

कार्यनीति २.७. आन्तरिक र बाह्य श्रमबजारको समेत अध्ययन, अनुसन्धान गरी रोजगारीको अवसरको पहिचान गरिनेछ ।

कार्यनीति २.८. रोजगार सेवा केन्द्रलाई रोजगार सूचना विनिमय केन्द्रको रुपमा विकास गरि श्रम बजारको अवस्था, बेरोजगार र रोजगारी तथा सीप युक्त जनशक्तिको

सूची बनाई बेरोजगार र रोजगारदाता बीच सूचना आदान प्रदान गर्ने उपयुक्त संरचना तयार गरिनेछ ।

कार्यनीति २.९. स्थानीय विकास निर्माणका कार्यहरुमा सम्बन्धित वडामा र आन्तरिक सुचीकृत कामदारको प्रयोगमा जोड दिइनेछ ।

कार्यनीति २.१०. आर्थिक विकास र रोजगारीको क्षेत्रलाई विकासका विविध आयाममा अन्तरसम्बन्धित बिषय Cross cutting Issues को रुपमा अंगिकार गरि सबै पक्षमा सामञ्जस्यता र मूलप्रवाहिकरण गर्दै लगिनेछ ।

**रणनीति ३:**

**उत्पादकत्व र उद्यमशीलता अभिबृद्धि गरी श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन गरी आर्थिक विकासमा टेवा पुऱ्याउने संग सम्बन्धित :**

कार्यनीति ३.१. सरकारी र गैरसरकारी निकायबाट प्रदान गरिने तालिम तथा क्षमता विकासका कार्यक्रमहरुलाई एकद्वारा नीति अनुसार बजारको माग अनुसारका लक्षित गरिनेछ ।

कार्यनीति ३.२. औपचारिक शिक्षालाई ब्यवसायिक र सीपमुलक गराउनका लागि बिद्यालयलाइ सीपशालको रुपमा विकास गर्न प्रोत्साहित गरिनेछ ।

कार्यनीति ३.३. श्रमिक र श्रमको उचित सम्मान गर्ने संस्कृतिको विकासका लागि सचेतनामुलक अभियानमा जोड दिईनेछ ।

कार्यनीति ३.४. ब्यवसायिक शिक्षा र ब्यवसायिक तालिम कार्यक्रममा ब्यवसाय प्रारम्भ र सुधार गरौं (Start and Improve your Business) बिषयक तालिमलाई जोड दिइनेछ ।

कार्यनीति ३.५. नयाँ र आधुनिक प्रविधीको प्रयोग र बजारिकरणका सीप प्रदान गर्दै नविनतम उद्योगका लागि आवश्यक जनशक्ति तयारीमा जोड दिईनेछ ।

कार्यनीति ३.६. श्रमको सम्मान र मर्यादित कामको अवधारणालाई रोजगार समन्वय शिक्षकको माध्यमबाट विद्यालय शिक्षा र ग्रामीण तहका युवाहरु समक्ष पुऱ्याइनेछ ।

कार्यनीति ३.७. ब्यवसायिक शीप विकास, रोजगारी प्रबर्द्धन, उत्पादनशील रोजगारी सिर्जना, उद्यमशीलता प्रबर्द्धनका कार्यक्रमहरुमा जोड दिइनेछ ।

रणनीति ४:

**युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने संग सम्बन्धित :**

कार्यनीति ४.१. युवा रोजगारीका प्रभावकारी कार्यक्रम तथा कार्ययोजना तयार गरी लागु गरिनेछ ।

कार्यनीति ४.२. ८ कक्षा उत्तीर्ण गरेर बिद्यालय छाडेका अति विपन्न बिद्याथीहरुलाई व्यवसायिक शिक्षामा सम्मिलित गराई श्रम बजार सुँहाउदो तालिमहरु प्रदान गरिनेछ ।

कार्यनीति ४.३. आर्थिक उद्यमशिलतामा जागरुक गराई युवाहरुलाई रोजगार, स्वरोजगार र सामाजिक काममा अवसरहरु प्रदान गरिनेछ ।

कार्यनीति ४.४. ग्रामीण युवाहरुलाई श्रम बजारको सूचना प्रदान गर्ने र अवसरहरुको खोजीको लागि Career Counseling जस्ता उत्प्रेरणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**रणनीति ५:**

**श्रम र रोजगारीका क्षेत्रमा देखिएका बिकृतीलाई सुधारका लागि समन्वय, सहकार्य र कार्यान्वयन संयन्त्रको व्यवस्थापन लाई मजबुत गराउने संग सम्बन्धित :**

कार्यनीति ५.१. रोजगारीका क्षेत्रका समस्या समाधानका लागि आवश्यक कार्यक्रम तथा बजेट व्यवस्थापनका लागि बहस पैरबी गर्ने र त्यस्ता समस्याको समाधानका लागि सदैव दत्तचित्त रहने । गाउँपालिका भित्र नै स्थानीय कार्यक्रम निर्देशक समितिको गठन गरी अनुगमन, नियमन, नीति निर्माण तथा बजेट व्यवस्थापनमा सक्रिय गराइनेछ ।

कार्यनीति ५.२. समुदाय, श्रम बजार र गाउँपालिका बीच पुलको काम गर्दै सामाजिक रुपमा श्रम र रोजगारीका क्षेत्रमा देखिएका बिकृतीको सुधारका लागि सम्बन्धित निकायमा आवाज उठाउने र समाधान, सुधारका लागि पहल गर्न रोजगार सम्बाद मञ्च गठन गरी कार्यविधीले व्यवस्थित गरिनेछ ।

कार्यनीति ५.३.बार्षिक कार्यक्रमको कार्यान्वयन र यसको प्रभावकारिता अभिबृद्धि गर्न आर्थिक विकास समितिलाई स्थानीय रोजगार कार्यक्रमको अनुगमन तथा मूल्यांकनका लागि सक्रिय गराइनेछ ।

कार्यनीति ५.४. एकल प्रयासबाट मात्र गरिने स्थानीय विकासको गतिले नागरिकको आवश्यकता र चाहनालाई पछ्याउन नसक्ने हुँदा नेपालको संविधान अनुसार सरकारी, नीजि, सहकारी साझेदारीलाई जोड दिइनेछ । गाउँपालिकाको समग्र विकासका लागि समन्वय र साझेदारीलाई प्रबर्द्धन गर्न, सम्भाब्य क्षेत्रमा लगानी प्रबर्द्धन र लगानी साझेदारीको नीतिगत व्यवस्था गरी हातेमालो गर्नका लागि गाउँपालिका लाई सक्षम गराइनेछ ।

कार्यनीति ५.५. साना, लघु, घरेलु तथा स्थानीय रोजगार उन्मुख उद्योगहरुलाई बित्तीय, प्राविधिक, संस्थागत सहायताको माध्यमबाट सबलिकरण गरिनेछ ।

**रणनीति ६:**

**आर्थिक विकासको अवरोधक (Bottleneck) को पहिचान गर्ने र सोको समाधानको सम्भावना पहिल्याउने संग सम्बन्धितः**

कार्यनीति ६.१. आर्थिक विकासका क्षेत्रमा अध्ययन, अनुसन्धान गरिनेछ ।

कार्यनीति ६.२. कार्यपालिकाको क्षमता विकास गरी आर्थिक विकास र रोजगारीका सम्भावना र श्रोत साधनको विनियोजनमा निर्णय दिन सक्ने बनाइनेछ ।

कार्यनीति ६.३. गाउँपालिका र लगानीकर्ताहरुको अन्तर्क्रियात्मक बैठकहरु सञ्चालन गरिनेछ ।

कार्यनीति ६.४. उपयुक्त स्थानमा औद्योगिक ग्रामको निर्माण गरि एकिकृत औद्योगिक क्षेत्रको रुपमा विकास गरि श्रम बजारलाई व्यवस्थित गरिनेछ ।

कार्यनीति ६.५. श्रमको मागको आधारमा आवश्यक तथा उपलब्ध सीपको अन्तर ( Gap) पहिचान र ती सूचनाहरुलाई प्रवाह गरि अन्तरलाइ क्रमशः कम गर्दै लानका लागि कार्ययोजना सहित आगामी नगरसभामा संकल्प प्रस्ताव पेश गरी पास गरिनेछ ।

**रणनीति ७:**

**आीर्थक विकासका नयाँ नयाँ चुनौतिहरुको सम्बोधन गर्न र समृद्धिका नयाँ आयामहरुको पहिचान तथा अनुसरण गर्न तत्पर रहन युवाहरु र गाउँपालिकालाई सक्षम गराउने संग सम्बन्धित ।**

कार्यनीति ७.१. आधुनिक सूचना प्रविधी र नयाँ प्रविधीमा आधारित उत्पादन र बजारिकरणलाई प्रोत्साहन गर्न ग्रामीण क्षेत्रमा सूचना प्रविधीको साधन पुऱ्याइ रोजगारी सृजना गरिनेछ ।

कार्यनीति ७.२. बिद्यालय तहदेखि नै कम्प्युटर शिक्षा शुरु नगरेका बिद्यालयहरुमा कम्प्युटर शिक्षा प्रदानमा जोडदिनेछ ।

कार्यनीति ७.३. जनप्रतिनिधीलाई आधुनिक प्रविधीसंग घुलमिल गराउनका लागि आवश्यक अध्ययन भ्रमण, तालिम तथा सूचना प्रविधीको प्रयोग र सेवालाई जोड दिनेछ ।

**रणनीति ८ः**

**सुशासन, समन्वय र सहकार्यको संस्कृतिको विकास गर्ने संग सम्बन्धित ।**

कार्यनीति ८.१. साना, लघु, घरेलु तथा स्थानीय रोजगार उन्मुख उद्योगहरुलाई बित्तीय, प्राविधिक, संस्थागत सहायताको माध्यमबाट सबलिकरण गर्ने र स्थानीय श्रम र श्रोतमा आधारित उद्योगहरुमा लगानी प्रबर्द्धन गर्न व्यवसायिक कला र सीप विकास,

हस्तकलाका उत्पादन र बजारिकरण लगायतका विविध प्रबर्द्धनात्मक कार्यक्रमहरुका लागि बैंक, बित्तीय संस्था, गै.स.स.समेतलाई एकिकृत गरि सञ्चालन गरिनेछ ।

कार्यनीति ८.२. ५० जना भन्दा बढी रोजगारी प्रदान गर्ने गरि गाउँपालिका भित्र कुनै नवसिर्जनाका उद्योग, ब्यवसायका (New Innovative Enterprises) वा कृयाकलापमा पालिकाले लागत अनुदान/साझेदारीमा सञ्चालन गर्ने र निर्माण सञ्चालन र हस्तान्तरण (Built-Own-Operate and Transfered-BOOT) अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

कार्यनीति ८.३. लगानीयोग्य पूँजीको अभावका कारणले शुरुवात गर्न नसकेको वा सञ्चालित रुग्ण उद्योग र ब्यवसायहरुलाई गाउँपालिकाको समन्वय र जमानीमा बैंकहरुबाट शुलभ कर्जाको ब्यवस्थापनमा जोड दिइनेछ । यसका लागि महिला तथा विपन्न वर्गको लागि बिशेष जोड दिइनेछ ।

कार्यनीति ८.४. गाउँपालिकामा सञ्चालनमा रहेको र भविष्यमा विभिन्न बिषयगत कार्यक्रम र परियोजनाका कृयाकलापहरुमा समन्वय र सामञ्जस्यता ल्याइ यसै रणनीतिक लक्ष्य प्राप्ति तर्फ उन्मुख गराईनेछ ।

कार्यनीति ८.५. बिषयगत शाखा तथा परियोजनाहरुले सम्पादित कृयाकलापहरुको छुट्टै प्रगति विवरण तयार गरी कार्यक्रम निर्देशक समितिमा बार्षिक रुपमा पेश गर्न लगाईनेछ । यस्तो प्रगति विवरणमा यस रणनीतिक योजनाको सम्बन्धित रणनीति नंम्बर र कार्यनीति नं. समेत उल्लेख गरी पेश गर्नुपर्नेछ ।

**रणनीति ९:**

**रोजगारीको हक तथा श्रमको सम्मानको ब्यवस्थालाई स्थानीय तहबाट नै संस्थागत गर्ने संग सम्बन्धितः**

कार्यनीति ९.१. नेपालको संबैधानिक ब्यवस्था अनुसार रोजगारीको हक र श्रमको सम्मान गर्न बिद्यमान पालिकास्तरको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रको प्रशासनिक संयन्त्रलाई स्थायीत्व प्रदान गर्दै, एकिकृत आर्थिक विकास सेवा केन्द्र तथा रोजगारी सूचना विनिमय केन्द्रको रुपमा ब्यवस्थित र सुविधा सम्पन्न गराइनेछ ।

कार्यनीति ९.२. राष्ट्रिय योजनाको आयोगको १६ औं योजनाको गरिबी न्यूनिकरणका लक्ष्यहरुलाई पूरा गर्न, नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममा पर्ने गरेको आर्थिक बृद्धि तथा गरिबी निवारणका लक्ष्यहरु पूरा गर्ने, सामाजिक न्यायमा आधारित समाबेशी कार्यक्रमको तर्जुमा गर्ने, स्थानीय तहको केन्द्रिय तथा प्रादेशिक योजनासँग तादात्म्यता मिलाउने तथा नेपाल सरकारको एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा ब्यवस्थापन) कार्यविधी २०८० कार्यान्वयनको संयन्त्र निर्माण गरी सक्रियता प्रदान गरिनेछ ।

कार्यनीति ९.३. रोजगारीको क्षेत्रमा ब्याप्त लैंगिक, जातीय विभेदलाई क्रमशः हटाउदै लैजान विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

**रणनीति १०:**

**आप्रवासी र प्रवासी कामदारलाई प्रदान गरिने सेवा र रिटर्नीहरुको परिचालन, विप्रेषणजन्य आयलाई उचित परिचालन, क्षमता विकासका कार्यक्रमहरुलाई उचित व्यवस्थापन गर्ने संग सम्बन्धित**

कार्यनीति १०.१. रोजगार सेवा केन्द्रबाट एकिकृत श्रम र रोजगारमुलक सेवा प्रदान गर्ने कार्य शुभारम्भ गरिनेछ ।

कार्यनीति १०.२.बैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि पुनःएकिकरण तथा पुनर्स्थापना गर्न समूह वा सहकारी गठन गरी तालिम तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

कार्यनीति १०.३. स्थानीय तहमा रोजगारी/स्वरोजगारी सृजना, बैदेशिक रोजगारीका लागि सहजिकरण सेवाका बिषय, बैदेशिक रोजगारीबाट फर्केकाहरुका लागि एकिकरण तथा पुनःस्थापना, स्थानीयस्तरमा जनशक्ति विकास, पालिकातहमा सम्बन्धित क्षेत्रको नीतिगत व्यवस्था र सुधार, श्रोतको विनियोजनको बिषयमा सुझाव, समन्वय, सहकार्य र बहस पैरबी गर्नका लागि सार्वजनिक समुदायका नागारिक समाज बीचको साझा मञ्च गठन कार्यविधी निर्माण तथा संरचना तयार गरी कार्यपद्धतिको शुरुवात गरिनेछ ।

कार्यनीति १०.४.बैदेशिक रोजगारीमा जाने युवाहरुका लागि सूचना तथा आप्रवासन संग सम्बन्धित जोखिमको सूचनामा पहुँच पुऱ्याउने गन्तब्य मुलुकमा श्रमिकको रुपमा जाने कामदारलाई उपयुक्त तालिम तथा सीप उपलब्ध गराइनेछ ।

कार्यनीति १०.५. बैदेशिक रोजगारीबाट प्राप्त हुने बिप्रेषणलाई बैंकिङ माध्यमबाट भित्राउने वातावरण बनाउने र त्यस्ता विप्रेषणजन्य आय (सीप, अनुभव, प्रविधी) लाई आयमुलक, रोजगारमुलक क्षेत्रमा लगानी प्रोत्साहन गर्दै गरिबी निवारणका कार्यक्रमसंग संयोजन गर्न उपयुक्त संरचनात्मक ब्यवस्था गरिनेछ ।

कार्यनीति १०.६. आप्रवासीहरु सूचना तथा रिटर्नीहरुको सीप, अनुभव, दक्षता सहितको अभिलेख तथा सूचना प्रणालीलाई ब्यवस्थित तथा सवलिकृत गरिनेछ ।

# खण्ड ५

## रणनीतिक कार्यान्वयन संयन्त्र

## (Strategic Implementation Structure)

यस स्थानीय रोजगार रणनीति आर्थिक विकासको माध्यमबाट स्थानीय तहमा रोजगारी सृजना गर्ने क्षेत्रगत रणनीति (Sectoral Strategy) भएता पनि यसले अन्य बिषयगत नीति रणनीतिहरुलाई समेत अगुवाई गरी यसै नीति अनुसारका बिषयगत कार्यक्रमहरुलाई निर्देशित गर्दछ । आर्थिक विकास र गरिबी निवारण बहुआयामिक (Cross Vutting Issues) भएकोल समग्र नीतिसंग यो जोडिएको हुन्छ । स्थानीय तहका सबै कार्यक्रमहरुको साझा उद्धेष्य पालिकाको विकास र समृद्धिसंग जोडिएको हुन्छ । तसर्थ यसै रणनीति परिधिभित्र रही सम्बन्धित शाखाहरुले आफ्ना नीति तथा कार्यक्रम र कार्यनीतिहरु तयार गरी कार्यान्वयन गर्न सकेमा मात्र यसका लक्ष्य तथा उद्धेष्य प्राप्तिले सार्थकता पाउने हुन्छ । तसर्थ अन्तरसम्बन्धित विषय (Cross cutting Issues) को रुपमा रहेको रोजगारी सिर्जनाको लक्ष्यलाई कार्यान्वयनमा विभिन्न बिषयगत शाखा, उपशाखा, गैरसरकारी संघसंस्थाका परियोजना तथा कार्यक्रमहरु, अन्य विषयगत निकायहरु र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारी हुनेछ । रोजगारीलाई क्षेत्रगत नीति तथा कार्यक्रमहरुमा समाहित गरेको सुनिश्चित गर्न तथा रणनीति योजनाका नतिजालाई अनुगमन गर्न संस्थागत संरचना निर्माण गरिने छ ।

प्रभावकारी तालिम कार्यक्रम मार्फत सम्बद्ध शाखाहरुमा आर्थिक विकास तथा रोजगार केन्द्रीत लक्ष्यको प्राप्ति र परिणाममुखी अनुगमन गर्ने क्षमता अभिवृद्धि गरिनेछ जसले रोजगार केन्द्रीत लक्ष्यलाई सम्बोधन गर्ने समग्र योजना, नीति र रणनीतिमा रोजगार लक्ष्यलाई समायोजन गर्नेछ । यस रणनीतिक योजनाको कार्यान्वयनका सन्दर्भमा आवश्यक अनुगमन, सुझाव र पृष्ठपोषण र प्रतिक्रिया प्रदान गर्दै आवश्यक सुधारको लागि कार्यक्रम निर्देशक समिति, अनुगमन समितिका साथै नागरिक संयन्त्र समेतको आवश्यकता देखिन्छ । यी सबै संयन्त्रको कुशल सक्रियताले नै यस रणनीतिको सफल कार्यान्वयन तथा यसका रणनीतिक लक्ष्य प्राप्त भई गाउँपालिका रोजगारी र स्वरोजगारी प्राप्तिको क्षेत्रमा प्रगति हासिल गर्दै गरिबी निवारण र आर्थिक रुपमा समृद्ध पालिकाको रुपमा स्थापित हुनेछ ।

यस रणनीतिको कार्यान्वयन, अनुगमन, उत्पन्न समस्या समाधान, यसको पुनरावलोकन र परिमार्जन, तेश्रो पक्षको रुपमा रहने नागरिक समाजको निगरानी, समीक्षा, गर्नका लागि लाई व्यवस्थित गर्न विभिन्न संस्थागत व्यवस्था गरिएको छ ।  यो मूल रणनीति भएकोले यसको उद्धेष्य प्राप्तिका लागि आवश्यक लगानी सुनिश्चितता, परियोजना, कार्यक्रम एवं नीतिले रोजगारीमा पारेको प्रभाव सम्बन्धमा सम्बद्ध शाखा, उपशाखा र विभिन्न निकायहरुलाई निर्देशित गर्नका लागि आवश्यक नीतिहरु तथा संस्थागत संरचनाहरु निम्नानुसार रहेको छ ।

## ५.१. आवश्यक कानुनी व्यवस्था :

(क) रणनीतिक योजना निर्देशक समिति तथा कार्यक्रम कार्यान्वयन समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधी

(ख) स्थानीय तहको सार्वजनिक नीजि साझेदारी नीति

(ग) रोजगार संवाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधी/निर्देशिका

((घ) स्थानीय तहमा तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन निर्देशिका/मापदण्ड

(ङ) स्थानीय तहको लगानी समस्या समाधान समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधी

(च) सरकारी, नीजि, सहकारीको साझेदारी संयुक्त पूँजी (Venture Capital Fund) को सञ्चालन तथा व्यवस्थापन कार्यविधी

